# स्थानीय अनुकूलन कार्ययोजना

(आ.व.२०७९/०८० - २०८३/०८४)

**राईनास नगरपालिका**
**लमजुङ्ग जिल्ला**
**गण्डकी प्रदेश**

सर्वाधिकार : राईनास नगरपालिका, लमजुङ्ग

योजनाको नाम : स्थानीय अनुकूलन कार्ययोजना

तयार गरिएको वर्ष : २०७८

तयार गर्ने : राईनास नगरपालिका, लमजुङ्ग

आर्थिक सहयोगः संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (यू. एन. ई. पी.)

प्राविधिक सहयोगः इकार्डस् नेपाल

# राईनास नगरपालिका
# नगरपालिकाको कार्यालय

तीनपीप्ले, लमजुङ्ग
गण्डकी प्रदेश, नेपाल

मितिः...........

## स्थानीय अनुकूलन कार्ययोजनाको सन्दर्भमा नगर प्रमुखको तर्फबाट

जलवायु परिवर्तनको असर सबै क्षेत्र र तह-तप्कामा परिरहेको छ। लमजुङ्ग जिल्लाको यस राईनास नगरपालिकाका बासिन्दाहरूले पनि यसका विभिन्न असरहरू झेल्दै आएका छन्। अन्य रोजगारीको विकल्पहरू बढ्दै गएपनि यहाँका बासिन्दाहरू मुख्यतयः कृषि प्रणाली तथा पशुपालनमा निर्भर रहदैं आएका छन्। सबै वडाका बासिन्दाहरूमा जलवायु परिवर्तनका कारण जीविकोपार्जनको लागि अपनाइएको खेती प्रणाली तथा पशुपालनमा विविध प्रकारका असरहरू देखिइरहेका छन्। पहिरो, बाढी तथा नदी कटान, बालीरोग, पशुरोग, खडेरी, मिचाहाझार, आगलागी, मानवरोग आदि जस्ता प्रकोपहरूका कारण उत्पादनमा कमी हुनुका साथै मानिस तथा पशु लगायत यहाँ रहेका जैविक विविधतामा असर परिरहेको छ।

यस्ता पक्षहरूलाई मध्यनजर गर्दै यस नगरपालिकामा देखिएका प्रमुख प्रकोपहरूको क्रमिक रुपमा पहिचान गरी त्यस्ता प्रकोपहरूसँग अनुकूलित हुनका लागि आर्थिक तथा प्राविधिक सहयोग समेत रहने गरी स्थानीय अनुकूलन कार्ययोजना तयार तथा कार्यान्वयन गर्ने कार्यक्रम सञ्चालन गर्न पाउँदा अति नै खुशी लागेको छ।

यस अनुकूलन कार्ययोजनाले यस नगरपालिकामा देखिएका जलवायु परिवर्तनका कारण सिर्जित प्रकोपहरूको धेरै हदसम्म सम्बोधन गर्ने विश्वास लिएको छु। यो कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक तथा अन्य आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्न नगरपालिकाको तर्फबाट सदैव सहयोग रहने छ। यो योजना तयारी तथा कार्यन्वयनको लागि आर्थिक सहयोग गर्ने संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम तथा आर्थिक एवम् प्राविधिक सहयोग गर्नु हुने नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु। त्यसै गरी यो कार्ययोजना तयारीको प्रक्रियामा सहजीकरण गर्ने ईकार्डस् नेपाल टोली तथा यो कार्ययोजना तयारीमा अहोरात्र खटिने जन-प्रतिनिधिहरू, राजनीतिक दलहरू, शिक्षक, समाजसेवी, महिला, दलित लगायत सहभागी सम्पूर्ण निकाय तथा व्यक्तिहरू प्रति आभार प्रकट गर्दछु।

अन्त्यमा, यो कार्ययोजना तयार भई कार्यान्वयनको प्रक्रियामा रहेकोमा राईनास नगरपालिकाका सम्पूर्ण बासिन्दाहरूमा बधाइ ज्ञापन गर्दै सफल कार्यान्वयनको अग्रिम शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

..................................
सिंह बहादुर थापा
नगर प्रमुख

# विषय सूची

*शब्दावलीहरू* ........ *अ*

*स्थानीय अनुकूलन कार्ययोजनाको सारांश* ........ *क*

*परिच्छेद १ पृष्ठभूमि* ........ *१*

**१.१. योजनाको परिचय तथा औचित्य, मान्यता र आवश्यकता** ........ **१**

**१.२. योजनाको लक्ष्य, मान्यता एवम् निर्देशक सिद्धान्तहरू** ........ **३**

**१.३. योजना तयारीका चरण तथा प्रक्रियाहरू** ........ **५**

१.३.१. जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिवृद्धि ........ ७
१.३.२. सङ्कटासन्नता तथा जोखिम विश्लेषण ........ ८
१.३.३. प्रकोप व्यवस्थापन तथा अनुकूलनका उपायहरू तथा प्राथमिकीकरण ........ ९
१.३.४. अनुमोदन तथा आवधिक योजनामा समायोजन ........ ९

*परिच्छेद २ नगरपालिकाको परिचय तथा अवस्थिति* ........ *१०*

**२.१. नगरपालिकाको भौगोलिक अवस्थिती र भू-बनोट** ........ **१०**

**२.२. क्षेत्रफल तथा जनसङ्ख्या** ........ **११**

**२.३. विगत तथा वर्तमानमा भू-उपयोगको अवस्था** ........ **१२**

**२.४. सामाजिक अवस्था** ........ **१६**

२.४.१. जातिगत तथा धार्मिक विविधता ........ १६
२.४.२. शिक्षा ........ १६
२.४.३. लैङ्गिक तथा सामाजिक समावेशीकरण ........ १७

**२.५. आर्थिक अवस्था** ........ **१७**

२.५.१. आर्थिक रूपमा सक्रिय र आश्रित जनसङ्ख्या ........ १७
२.५.२. कृषि तथा खेती प्रणाली ........ १७
२.५.३. पशुपालन ........ १८
२.५.४. घरको बनोट ........ १८
२.५.५. व्यापारिक तथा बजारकेन्द्रहरू ........ १८

**२.६. प्राकृतिक स्रोतको अवस्था** ........ **१९**

२.६.१. वन ........ १९
२.६.२. वन्यजन्तु ........ २०
२.६.३. नदीनाला, ताल तथा पोखरीहरू ........ २०
२.६.४. सिँचाई ........ २०

**२.७. भौतिक विकास** ........ **२०**

*परिच्छेद ३ जलवायु परिवर्तन तथा प्रकोपको अवस्था* ........ *२३*

**३.१. तापक्रम तथा वर्षाको अवस्था** ........ **२३**

**३.२. तापक्रम परिवर्तनको क्रम र प्रवृत्ति विश्लेषण** ........ **२३**

**३.३. वर्षा परिवर्तनको क्रम र प्रवृत्ति विश्लेषण** ........ **२४**

**३.४. परिवर्तित प्रकोप तथा मौसमी पात्रो** ........ **२५**

**३.५. प्रकोपहरूको पहिचान तथा स्तरीकरण** ........ **२७**

३.५.१. पहिरोको अवस्था ........ २७
३.५.२. बाली रोग ........ २८
३.५.३. बाढी/नदीकटान ........ २८
३.५.४. मिचाहा झार ........ २९

३.५.५. पशु रोग ..... २९
३.५.६. आगलागी ..... ३०
३.५.७. मानव रोग ..... ३०
३.५.८. हावाहुरी र चट्याङ ..... ३०
३.५.९. खडेरी ..... ३१

**३.६. प्रकोपको ऐतिहासिक घटनाक्रम तथा अवस्था ..... ३१**

**३.७. बस्ती अनुसार प्रकोपको विवरण ..... ३७**

**३.८. विषयगत क्षेत्रमा पारेको प्रभाव तथा असरहरूको विश्लेषण ..... ४१**

***परिच्छेद ४ सङ्कटासन्नता तथा जोखिम विश्लेषण ..... ४५***

**४.१. प्रकोप सूचकाङ्क ..... ४५**

**४.२. सम्मुखता ..... ४५**

**४.३. संवेदनशीलता ..... ४६**

**४.४. अनुकूलन क्षमता ..... ४८**

**४.५. जोखिमका आधारमा वडा स्तरीकरण ..... ४९**

***परिच्छेद ५ जलवायु परिवर्तन अनूकुलन तथा विपद् जोखिम न्यूनीकरणका रणनीति ..... ५०***

**५.१. प्रकोपको न्यूनीकरण तथा अनूकुलनका प्रयासहरू पहिचान तथा विश्लेषण ..... ५०**

***परिच्छेद ६ योजना ..... ५३***

***परिच्छेद ७ कार्यान्वियन र अनुगमन तथा मूल्याङ्कन ..... ६७***

**७.१. योजना प्रक्रियामा स्थानीय अनुकूलन कार्ययोजनाको समायोजन तथा कार्यक्रम कार्यान्वयन ..... ६७**

**७.२. अनुगमन तथा मूल्याङ्कन ..... ६७**

**७.३. अनुगमन तथा मूल्याङ्कनका आधार तथा उद्द्येश्य प्राप्तिका सूचकहरू ..... ६९**
७.३.१. अनुगमन तथा मूल्याङ्कनका आधारहरू ..... ६९
७.३.२. उद्द्येश्य प्राप्तिका सूचकहरू ..... ६९

**७.४. द्वन्द व्यवस्थापन ..... ७१**

# चित्र सूची

चित्र १ स्थानीय अनूकुलन कार्ययोजना खाकाको समग्र प्रक्रिया ६
चित्र २ स्थानीय अनुकूलन कार्ययोजना तयारीको प्रक्रिया ७
चित्र ३ विगत ३० वर्षको तापक्रम तथा वर्षाको औसत मासिक प्रवृत्ति २३
चित्र ४ राईनास नगरपालिकाको वि.सं. २०४८ देखि २०७७ सम्मको तापक्रम प्रवृत्ति २४
चित्र ५ राईनास नगरपालिकाको वि.सं. २०४८ देखि २०७७ सम्मको वर्षा प्रवृत्ति २४

# नक्सा सूची

नक्सा १ राईनास नगरपालिकाको राजनैतिक नक्सा १०
नक्सा २ राईनास नगरपालिकाको उचाइ नक्सा ११
नक्सा ३ राईनास नगरपालिकाको जनघनत्व नक्सा १२
नक्सा ४ सन् २००० देखि सन् २०२० सम्मको वडागत भुउपयोग परिवर्तनको अवस्था १५
नक्सा ५ राईनास नगरपालिकाको पहिरो जोखिम विश्लेषण नक्सा २८
नक्सा ६ राईनास नगरपालिकाको बाढी/नदीकटान जोखिम विश्लेषण नक्सा २९
नक्सा ७ राईनास नगरपालिकाको आगलागी जोखिम विश्लेषण नक्सा ३०

# तालिका सूची


तालिका १ स्थानीय जलवायु अनुकूलन कार्ययोजना तर्जुमाको क्रममा संलग्न सहभागीहरू ८
तालिका २ प्रकोप, सम्मुखता, संवेदनशीलता र अनुकूलन क्षमताका सूचकहरू ९
तालिका ३ व□□ केन्द्रदेखि पालिका केन्द्रसम्मको दुरी ११
तालिका ४□व□□गत □पमा जनसङ्ख्या तथा क्षेत्रफलको विवरण १२
तालिका ५ सन् २००० देखि सन् २०२० सम्मको वडागत भुउपयोग परिवर्तनको अवस्था १४
तालिका ६□राईनास नगरपालिकाको जातिगत जनसङ्ख्याको विवरण १६
तालिका ७□राईनास नगरपालिकामा साक्षरताको अवस्था १७
तालिका ८□आर्थिक रूपले सक्रिय र आश्रित जनसङ्ख्याको विवरण १७
तालिका ९□पशुपक्षीको विवरण□ १८
तालिका १०□सामुदायिक वनहरूको विवरण १९
तालिका ११□सिंचाइका स्रोतहरू २०
तालिका १२□सडकहरूको विवरण २१
तालिका १३ विद्यालयहरूको विवरण २१
तालिका १४ स्वास्थ्य संस्थाहरूको विवरण २१
तालिका १५ धार्मिक तथा पर्यटकीय स्थलहरू २२
तालिका १६ परिवर्तित मौसमी पात्रो २६
तालिका १७ प्रकोपहरूको स्तरीकरण २७
तालिका १८ सहभागितामूलक ऐतिहासिक समयरेखा ३२
तालिका १९ बस्ती अनुसार प्रकोपको विवरण ३८
तालिका २० जलवायु परिवर्तनले विभन्न विषयगत क्षेत्रमा पारेका प्रभाव तथा असरहरूको विश्लेषण ४१
तालिका २१ जलवायुजन्य प्रकोपहरूको वडागत सूचकाङ्क ४५
तालिका २२ सम्मुखताका सूचकहरूको वडागत मान ४६
तालिका २३ सम्मुखताहरूको वडागत सूचकाङ्क ४६
तालिका २४ संवेदनशीलताका सूचकहरूको वडागत मान ४७
तालिका २५ संवेदनशीलताको वडागत सूचकाङ्क ४७
तालिका २६ अनुकूलन क्षमताका सूचकहरूको वडागत मान ४८
तालिका २७ अनुकूलन क्षमताको वडागत सुचकाङ्क ४८
तालिका २८ प्रकोप, सम्मुखता, संवेदनशीलता, अनुकूलन क्षमता, सङ्कटासन्नता तथा जोखिमको आधारमा वडा स्तरीकरण ४९
तालिका २९ अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरूको विश्लेषण ५०
तालिका ३० स्थानीय अनुकूलन कार्ययोजना ५४
तालिका ३१ स्थानीय अनुकूलन कार्ययोजना अनुगमन तथा मूल्याङ्कन खाका ६९

# शब्दावलीहरू

**१. मौसम**

कुनै निश्चित स्थान वा क्षेत्रको वायुमण्डलको दैनिक वा छोटो अवधिमा तापक्रम, वर्षा, हावा, वायुमण्डलीय चाप र सापेक्षिक आर्द्रताको व्यवहार वा अवस्थालाई मौसम भनिन्छ। यो प्रत्येक दिन (दिनभित्र पनि फरक प्रहर), हप्ता र महिनामा परिवर्तन भइरहन्छ।

**२. जलवायु**

लामो अवधि (सामान्यतः ३० वर्ष)को मौसमको औसत अवस्थालाई जलवायु भनिन्छ। सामान्यतया जलवायु स्थान, ऋतु विशेष अनुसार फरक तर स्थिर रहन्छ। मौसमका जस्तै तापक्रम, वर्षा, हावा, वायुमण्डलीय चाप र सापेक्षिक आर्द्रता नै यसका सूचकहरू हुन्।

**३. जलवायु परिवर्तन**

दशक वा लामो समयको अन्तराल एवम् दीर्घकालीन अवधिमा जलवायुका अवस्थामा आउने औसत परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ। यसको मापन तथ्याङ्कशास्त्रीय विधिबाट पृथ्वीको निश्चित स्थान वा भूपरिधिमा देखिने परिवर्तनको गणना गरेर गरिन्छ। जलवायु परिवर्तन प्राकृतिक र पृथ्वीको आन्तरिक वा बाह्य दबाब (जस्तैः सौर्य चक्र, ज्वालामुखी विष्फोटन आदि) तथा मानवजन्य (जस्तै, भू-उपयोग परिवर्तन, वायुमण्डलमा विद्यमान ग्याँसहरूको सन्तुलन परिवर्तन, हरितगृह ग्याँसको अत्यधिक उत्सर्जन आदि) कारणहरूले हुने गर्दछ। जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका महासन्धि १९९२ को धारा १ मा उल्लेख भए अनुसार प्राकृतिक कारणलगायत मानवीय गतिविधिका कारणले मापनयोग्य समयावधिमा वायुमण्डलको सन्तुलनमा आएको परिवर्तनलाई जलवायु परिवर्तन भनिएको छ।

**४. हरितगृह ग्याँसहरू**

वायुमण्डलभित्र तापक्रम सञ्चय गर्ने ग्याँसहरूलाई हरितगृह ग्याँस भनिन्छ। विश्वव्यापी उष्णीकरण र जलवायु परिवर्तनको लागि यी ग्याँसहरू जिम्मेवार रहेको मानिन्छ। जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी निकायको २०२१को प्रतिवेदन अनुसार कार्वन डाइअक्साइड, मिथेन, नाइट्रस अक्साइड, परफ्लोरोकार्वन, सल्फर हेक्जाफ्लोराइड, नाइट्रोजन ट्राइफ्लोराइड, हाइड्रोफ्लोरो कार्वन्स्, क्लोरोफ्लोरो कार्वन्स् र हाइड्रोक्लोरोफ्लोरो कार्वनस् हरितगृह ग्याँसमा पर्दछन्।

**५. जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका महासन्धि १९९२**

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका महासन्धि सन् १९९२ मा रियो दि जेनेरियोमा भएको पृथ्वी सम्मेलनबाट स्थापना भएको संयन्त्र हो। यो महासन्धि विश्वका विभिन्न राष्ट्रहरूले जलवायु परिवर्तन भइरहेको महसुस गरेर त्यसको न्यूनीकरणका लागि गरिएको हो। सन् १९९४ देखि कार्यान्वयनमा आएको यस महासन्धिलाई हालसम्म १९८ देशहरूले अनुमोदन गरेका छन्। यस महासन्धिको मुख्य उद्देश्य वायुमण्डलमा हरितगृह ग्याँसहरूलाई प्रतिवद्धता अनुसारको मात्रामा निश्चित समयभित्र स्थिर राख्दै जलवायु परिवर्तन न्यूनीकरणमा विश्वव्यापी प्रयास गर्नु र जलवायु परिवर्तनका असरहरूलाई समेत न्यूनीकरण गरी अनुकूलन क्षमता बढाउनु रहेको छ।

### ६. पक्ष राष्ट्रहरूको सम्मेलन

पक्ष राष्ट्रहरूको सम्मेलन भन्नाले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका महासन्धिका पक्ष देशहरूको सम्मेलनलाई जनाउँछ । या जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका महासन्धिको सबैभन्दा शक्तिशाली निकाय हो र यो सम्मेलन वर्षमा एक पटक हुने गर्दछ । हालै बेलायतको ग्लास्गोमा सम्पन्न भएको सम्मेलन पक्ष राष्ट्रहरूको २६औँ सम्मेलन हो ।

### ७. जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी निकाय

जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी निकायले जलवायु परिवर्तन सम्बन्धी आधिकारिक, सत्य तथा वैज्ञानिक ज्ञान र बुझाइ प्रदान गर्दछ । यसले जलवायु परिवर्तन सम्बन्धी तथ्याङ्कहरूको अध्ययन, विश्लेषण र प्रक्षेपण गरी नीति निर्धारण गर्न विश्व समुदायलाई सचेत गराउने काम गर्छ । यो सन् १९८८ मा स्थापित अन्तरसरकारी नियोग हो जसले मानव सिर्जित जलवायु परिवर्तनका असरहरूबारे मूल्याङ्कन गर्दछ । यसले सन् २००७मा नोबेल पुरस्कार समेत पाएको थियो । जलवायु परिवर्तनका सन्दर्भमा यस संस्थाको धारणा नै आधिकारिक मानिन्छ ।

### ८. अनुकूलन

परिवर्तित वातावरणसँग मिल्दो जीवनशैली अर्थात जीवले आफ्नो अस्तित्व बचाउन वरिपरिको वातावरणसँग बाहिरी रूप, संरचना तथा प्रक्रियामा परिवर्तन गरेर आफूलाई वातावरणमा अनुकूलित बनाउने र जलवायु परिवर्तनको प्रभावलाई बुझेर सो अनुरूप ढाल्ने प्रक्रियालाई अनुकूलन भनिन्छ । अनुकूलनले जलवायु परिवर्तनले गर्दा हुने असरहरूलाई न्यूनीकरण गर्नुका साथै यसबाट फाइदा लिनसक्ने सम्मका कुराहरूलाई समेट्छ ।

### ९. राष्ट्रिय अनुकूलन कार्यक्रम

अति कम विकसित मुलुकहरूमा जलवायु परिवर्तनको जोखिमको मूल्याङ्कन गर्ने र उपयुक्त अनुकूलन सम्बन्धी उपायहरूको पहिचान गरी जलवायु परिवर्तन सम्बन्धी समस्या र चुनौतीहरूलाई वैज्ञानिक ढङ्गले सम्बोधन गर्न तयार पारिएको राष्ट्रिय कार्य योजना नै राष्ट्रिय अनुकूलन कार्यक्रम हो । यसमा जलवायु परिवर्तनका तत्कालीन असरहरूलाई न्यूनीकरण गर्ने र जलवायु परिवर्तनका मुद्दाहरूलाई राष्ट्रिय विकास योजनामा मूलप्रवाहीकरण गर्ने उद्देश्य राखिएको हुन्छ । नेपाल सरकारले विक्रम संवत् २०६६ मा राष्ट्रिय अनुकूलन कार्यक्रम तयार पारी सार्वजनिक गऱ्यो जसमा ६ ओटा क्षेत्रहरू (कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, जलवायु सिर्जित प्रकोपहरू, वन तथा जैविक विविधता, जनस्वास्थ्य र शहरी बसोबास तथा पूर्वाधार)मा विभिन्न अनुकूलनका कार्यक्रमहरू पहिचान गरी सूचीकृत गरिएको छ ।

### १०. स्थानीय अनुकूलन कार्ययोजना र स्थानीय अनुकूलन कार्ययोजनाको खाका

जलवायु परिवर्तनका स्थानीय असरहरूलाई न्यूनीकरण गरी सङ्कटासन्न समुदाय तथा घरपरिवारको अनुकूलन क्षमता वृद्धि गर्न स्थानीय सरोकारवाला, सेवाप्रदायक र सेवाग्राहीहरूको प्रत्यक्ष सहभागितामा तयार पारी कार्यान्वयन गरिने योजनालाई स्थानीय अनुकूलन कार्ययोजना भनिन्छ । नेपाल सरकारले विक्रम संवत् २०६८ मा यस्तो कार्ययोजना बनाउन सहजीकरण गर्ने उद्देश्यले स्थानीय अनुकूलन कार्ययोजनाको खाका तयार पारेको थियो । नेपालको सङ्घीय पुनर्संरचना पश्चात् २०६८ सालको खाका कार्यान्वयनबाट प्राप्त भएका सिकाइसमेतका आधारमा २०७६ सालमा यसको पुनवरावलोकन गरिएको छ । स्थानीय अनुकूलन कार्ययोजनाको खाकामा विशेष गरी राष्ट्रिय अनुकूलन

कार्यक्रमले पहिचान गरेका सङ्कटासन्न क्षेत्र तथा अनुकूलनका कार्यक्रमहरूलाई स्थानीय विकास योजनाहरूमा समाहित गर्ने उद्देश्य राखिएको छ ।

**११. लैङ्गिक समानता**

महिला र पुरुषबीच सबै पक्ष र तहहरूमा समान अवसर र लाभ हासिल भएको अवस्था नै लैङ्गिक समानता हो ।

**१२. लैङ्गिक समायोजन**

लैङ्गिक समायोजन भन्नाले विभिन्न आयोजनाको निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका चरणहरूमा लैङ्गिक असमानता र भिन्नतालाई पहिचान गरी सम्बोधन गर्ने प्रक्रियालाई बुझाउँछ ।

**१३. संवेदनशीलता**

जलवायु परिवर्तनको कारणले कुनै पनि जीव वा वनस्पतिको आन्तरिक प्रणालीले देखाउने सकारात्मक वा नकारात्मक प्रतिक्रिया, परिणाम वा अवस्थालाई संवेदनशीलता भनिन्छ ।

**१४. सङ्कटासन्नता**

जलवायु विषमता लगायत जलवायु परिवर्तनका प्रतिकूल असरहरूको प्रतिकार गर्ने वा अनुकूलित हुनसक्ने क्षमताको अवस्थालाई सङ्कटासन्नता भनिन्छ । प्राकृतिक तथा मानवीय प्रणालीको संवेदनशीलता तथा न्यून अनुकूलन क्षमताले सङ्कटासन्नता बढाउँछ ।

**१५. भौगोलिक सूचना प्रणाली**

साधारणतयाः पृथ्वीका निश्चित स्थानहरूको भौगोलक अवस्थिति सम्बन्धी सूचना प्रणालीलाई भौगोलिक सूचना प्रणाली भनिन्छ । यो प्रणाली यसरी बनाइएको हुन्छ, जसबाट भौगोलिक तथ्याङ्क तथा सूचनालाई लिने, जम्मा गर्ने, मिलाउने, विश्लेषण गर्ने, व्यवस्थापन गर्ने र प्रस्तुत गर्ने गरिन्छ ।

**१६. अनुकूलन क्षमता**

जलवायु परिवर्तन वा अन्य वातावरणीय समस्याहरूको प्रतिकार गर्ने वा बदलिँदो परिस्थिति अनुसार आफू र आफ्नो प्रणालीलाई परिवर्तित गर्नसक्ने क्षमतालाई अनुकूलन क्षमता भनिन्छ । अनुकूलन क्षमता समुदायको आर्थिक स्रोत, प्रविधि तथा सूचनाहरूमा पहुँच, तिनीहरूको उपयोग गर्न सक्ने क्षमता एवम् संस्था र स्रोतको न्यायोचित वितरणसँग सम्बन्धित हुन्छ । अनुकूलन क्षमता विकाससँग पनि सम्बन्धित हुन्छ,, जस्तै, राष्ट्र वा समुदाय जति बढी विकसित हुन्छ, अनुकूलन क्षमता पनि उत्ति नै बढी हुन्छ ।

**१७. जोखिम**

विगत र वर्तमानका तथ्यहरूका आधारमा भविष्यमा देखिनसक्ने जलवायुको अवस्था तथा यसले प्राकृतिक, मानवीय, सामाजिक तथा भौतिक संरचनामा पार्नसक्ने नकारात्मक असरहरूको सम्भाव्यतालाई जोखिमको रुपमा लिइन्छ ।

**१८. समावेशिता**

कुनै पनि कार्यक्रम, कार्ययोजना तर्जुमा  तथा कार्यान्वयन एवम् सोको निर्णय प्रक्रियामा सरोकारवाला व्यक्ति तथा समुदाय जस्तै महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदायको सार्थक सहभागिताको निश्चितता गर्नु समावेशिता हो ।

# स्थानीय अनुकूलन कार्ययोजनाको सारांश

नेपाल जलवायु परिवर्तनका दृष्टिले अति सङ्कटासन्न मुलुकहरूमध्येमा पर्ने भएकाले यसबाट बच्नका लागि अनुकूलनका विभिन्न क्रियाकलापहरू सञ्चालन मार्फत गरिब, विपन्न, महिला लगायत किसानहरूको अनुकूलन क्षमता बढाउन आवश्यक रहेको छ । यसका लागि राष्ट्रिय अनुकूलन कार्यक्रममा प्रस्ताव गरिएका अनुकूलनका उपायहरूलाई लक्षित क्षेत्र र समुदायहरूसम्म पुऱ्याई कार्यान्वयन गर्न वि.सं २०७६ मा तयार भएको परिमार्जित स्थानीय अनुकूलन कार्ययोजनाको खाका अनुसार यो कार्ययोजना तयार गरिएको छ ।

विगतमा भएका प्रकोपहरूको अवस्था विश्लेषण गरी आगामी वर्षहरूमा हुन सक्ने प्रभावहरूको समेत आकलन गरेर दीर्घकालीन योजना तर्जुमा गर्नको लागि नेपाल सरकारले २०७७ मा तयार गरेका जोखिम तथा सङ्कटासन्नताका सूचकहरूको समेत प्रयोग गरी यो कार्ययोजना तयार गरिएको छ । यसले गर्दा जलवायुजन्य असरहरूको लागि अनुकूलित उपायहरूको पहिचान तथा प्राथमिकीकरण गरी वातावरण तथा पर्यावरणीय प्रणालीको दीगो विकास गर्न जलवायुजन्य असरहरूको अवस्था भौगोलिक सूचना प्रणालीको सहायताले विश्लेषण गर्नुपर्ने आवश्यकता औँल्याएको छ । राईनास नगरपालिकामा जलवायु परिवर्तनका प्रष्ट असरहरू देखिएका छन् । जसले गर्दा कृषि, खानेपानी, वन तथा पशु, स्वास्थ्य आदि क्षेत्रमा प्रत्यक्ष असर परेको कुरा भौगोलिक सूचना प्रणालीबाट तयार गरिएका नक्साहरू तथा स्थानीय स्तरमा भएका परामर्शहरूबाट समेत पुष्टि भएको छ ।

जलवायु परिर्वतनका कारणले यस वडाका गरिब, विपन्न, स्रोत साधनमा कम पहुँच भएका घरघुरीहरूको साथै महिला, बालवालिका र वृद्धहरू बढी प्रभावित भएका छन् । विभिन्न प्रकोपहरूको कारणले यस नगरपालिकामा बसोबास गर्ने समुदायको जीविकोपार्जनमा असर परेको प्रष्ट देखिन्छ । त्यसकारण यहाँका बासिन्दाहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो नगरपालिका, यहाँका वडाहरू तथा स्थानीय समुदायको सक्रिय सहभागितामा स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यक्रम रहेकोले सोही अन्तर्गत यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

आगामी पाँच वर्षका लागि तयार गरिएको यस स्थानीय अनुकूलन कार्ययोजनामा यस नगरपालिकामा विद्यमान सामाजिक, मानवीय, आर्थिक, प्राकृतिक तथा सामुदायिक स्रोतहरू तथा जलवायु परिवर्तनबाट सिर्जित प्रतिकूल प्रभावहरू/प्रकोपहरूको पहिचान तथा लेखाजोखा गर्दै यस नगरपालिका र यहाँका घरधुरीहरूको जलवायु परिवर्तन जोखिम, सङ्कटासन्नता तथा अनुकूलन क्षमता मुल्याङ्कन गरिएको थियो । सोही मुल्याङ्कनको प्रभावकारी अनुकूलन कार्यहरूको पहिचान तथा प्राथमिकीकरण गरी यो योजना तयार भएको छ जसको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| शीर्षक | विवरण | | | |
|---|---|---|---|---|
| कार्ययोजनाले समेटेको क्षेत्र | राईनास नगरपालिका | | | |
| चारकिल्ला | पूर्व : सिरानचोक गाउँपालिका, गोर्खा पश्चिम : सुन्दरबजार नगरपालिका र भानु नगरपालिका, तनहुँ उत्तर : दोर्दी गाउँपालिका र दूधपोखरी गाउँपालिका दक्षिण : पालुङ्टार नगरपालिका र गोर्खा जिल्ला | | | |
| क्षेत्रफल | ७१.९७ वर्ग किलोमिटर | | | |
| जनसङ्ख्या (पार्श्व चित्र अनुसार) | महिला | पुरुष | जम्मा | जम्मा घरधुरी |
| | १०४२८ | ८०९९ | १८५२७ | ४७५१ |

<table>
<tr><td>मुख्य जातजाती</td><td colspan="5">गुरुङ्ग/ब्राम्हण/क्षेत्री/कामी/तामाङ्ग/सार्की/दमाई/नेवार</td></tr>
<tr><td>प्रमुख पेशा / जीविकोपार्जनको आधार</td><td colspan="5">यहाँका मानिसहरूको प्रमुख पेशा परामपरागत कृषि हो भने केही मानिसहरू सरकारी जागिर, व्यापार तथा अन्य रोजगारीमा आवद्ध छन् । विप्रेषण पनि यहाँको प्रमुख जीविकोपार्जनको स्रोतको रुपमा रहेको छ ।</td></tr>
<tr><td>जलवायुको अवस्था</td><td colspan="5">समशीतोष्ण</td></tr>
<tr><td>जलवायु परिवर्तनको प्रभाव</td><td colspan="5">• गर्मी हुने समय २ महिनाले बढेको र गर्मीको मात्रा पनि बढेको । जाडोका दिन २ महिनाले घटेको साथै अत्यधिक जाडो हुने समय पनि घटेको ।<br>• मनसुनी वर्षा २ महिनाले घटेर १ महिनाले पछि सरेको साथै हाल पहिलेको जस्तो साउने भदौरे झरी पर्न छाडेको तर छोटो समयमा ठूलो वर्षा हुने गरेको ।<br>• फलफूलहरू फुल्ने समय अगाडि सरेको ।<br>• खडेरी र बाढीको मात्रा तथा बारम्बारता बढेको<br>• कृषिबाली, पशुपक्षी तथा मानवमा नयाँ नयाँ रोगको प्रकोप बढेको</td></tr>
<tr><td>मुख्य जोखिम</td><td colspan="5">पहिरो, बाढी तथा नदी कटान, बालीरोग, पशुरोग, खडेरी, मिचाहाझार, आगलागी, मानवरोग, हावाहुरी, चट्याङ</td></tr>
<tr><td rowspan="2">सङ्कटासन्न वडा</td><td>अति उच्च</td><td>उच्च</td><td>मध्यम</td><td>कम</td><td>अति कम</td></tr>
<tr><td>१, २, ३, ४, ५, ७, ८, ९, १०</td><td></td><td></td><td></td><td>६</td></tr>
<tr><td>योजनाको परिकल्पना</td><td colspan="5">• भू-उपयोगिता नक्सा तयार भई सो अनुरुप भू-उपयोग योजना तजुर्मा तथा कार्यान्वयन भएको हुने<br>• नियमित रुपमा माटो परीक्षण गरी माटो सुहाँउदो खेती भएको हुने<br>• कृषि तथा पशुसेवा सुचारु तथा व्यवस्थित भएको हुने<br>• जैविक तथा दीगो भू-व्यवस्थापन प्रविधिमा आधारित कृषि व्यवसाय प्रवर्धन भएको हुने<br>• स्थानीय सडक तथा बाटोहरू तथा खाली क्षेत्रमा वृक्षारोपणबाट भू-क्षय तथा नदी कटानमा कमी भएको हुने<br>• प्रभावकारी अनुकूलनका कार्यहरू सञ्चालन भई मानिसहरूको दैनिक जीविकोपार्जनको अवस्था सुदृढ हुने<br>• निर्वाहमुखी खेती प्रणालीबाट क्रमशः व्यवसायिक कृषि तथा स्थानीय स्तरमा स्वरोजगारीको सङ्ख्या बढी आम्दानीका स्रोत तथा आय बढेको हुने<br>• लिफ्ट सिँचाइ, सिँचाई कुलो आदिको माध्यमबाट सिँचाई तथा खानेपानीको सुबिधा भएको हुने</td></tr>
<tr><td>कार्ययोजनाको प्राथमिकता परेका अनुकूलनका कार्यहरू</td><td colspan="5">• भू-उपयोगिता नक्साङ्कन तथा योजना तयारी<br>• नियमित माटो परीक्षण<br>• बाली तथा पशु बीमा<br>• सीप तथा क्षमता अभिवृद्धि तालिमहरू<br>• संरक्षण पोखरी तथा कुलो निर्माण तथा मर्मत<br>• वृक्षरोपण तथा तारजाली</td></tr>
</table>

**आगामी पाँच वर्षको लागि तयार गरिएको स्थानीय अनुकूलन कार्ययोजनाको संक्षिप्त रुप**

| वडा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १७८६५००० | १७७००००० | १७४००००० | १०२००००० | १०००००००० | **७३१६५०००** |
| २ | ४६२९००० | ४६२९००० | ४३२९००० | ३१९००० | ३२०००० | १४१२६००० |
| ३ | ३३०२५०० | २६०२५०० | १४०२५०० | १४०२५०० | ११२२५०० | ९८३२५०० |
| ४ | १४५०००० | १६००००० | २५००००० | ११२०००० | १०६०००० | ७७३०००० |
| ५ | ४३००००० | १३५०००० | ११००००० | ११००००० | ११००००० | ८९५०००० |
| ६ | ५००००० | ४५०००० | ४००००० | ५९५००० | ३३०००० | २२७५००० |
| ७ | ६२००००० | ३८००००० | ५००००० | ७००००० | ७००००० | ११९००००० |
| ८ | ५१००००० | ६९००००० | ६६५०००० | ५५००००० | ० | २४१५०००० |
| ९ | २७५००० | १९०००० | २८५००० | १०५००० | २०५००० | १०६०००० |
| १० | १५५०००० | ११००००० | १०००००० | ० | ० | ३६५०००० |
| नगरपालिकास्तरीय योजनाको जम्मा | २९००००० | २४००००० | २३४०००० | २४००००० | २४००००० | १२४४०००० |
| योजना अनुगमन, मूल्याङ्कन तथा समिक्षा | १४५००० | १६५००० | १६५००० | १६५००० | २६५००० | ९०५००० |
| **कूल जम्मा** | **४८२१६५००** | **४२८८६५००** | **३८०७१५००** | **२३६०६५००** | **१७४०२५००** | **१७०१८३५००** |

योजना कार्यान्वयन गर्ने दौरानमा बाह्य संस्थाहरूबाट प्राविधिक सहयोगको आवश्यक पर्ने भएकोले स्थानीय मानिसहरूको क्षमता विश्लेषण गरिनुको साथै सम्भावित सेवा प्रदायक संस्थाहरूको पहिचान तथा उनीहरूले प्रदान गर्ने सेवाको विश्लेषण गरिएको छ । यहाँ उल्लेखित बाहेकका अरू सहयोगी संस्थाहरूको खोजी तथा आवश्यक समन्वय नगरपालिकाको पहलमा हुने विश्वास लिइएको छ । यसले कुन योजनाको कार्यान्वयन गर्दा कुन संस्थाको सहयोग आवश्यक हुन्छ र कसरी लिन सकिन्छ भन्ने पूर्वतयारी गर्न सहज गराउने विश्वास गरिएको छ । यो कार्ययोजना कार्यान्वयनको लागि कूल १७,०१,८३,५००/- (अक्षेरुपी सत्र करोड एक लाख त्रियासी हजार पाँच सय मात्र) का योजनाहरू तयार गरिएको छ। यस मध्ये रु ९,०५,०००/- (अक्षेरुपी नौ लाख पाँच हजार) कार्यक्रमको दौरान योजना अनुसारको उपलब्धिहरू भए नभएको थाहा पाउन तथा केही कमजोरी भए भविष्यमा सुधार गर्नको लागि विभिन्न चरणमा अनुगमन तथा मूल्याङ्कन कार्यक्रमहरूको लागि बजेट प्रस्ताव गरिएका छन् ।

# परिच्छेद १ पृष्ठभूमि

## १.१. योजनाको परिचय तथा औचित्य, मान्यता र आवश्यकता

यो शताब्दीमा विश्वकै चासो र सरोकारको मुद्दाको रुपमा स्थापित भएको जलवायु परिवर्तनले सबै प्रकारका मानवीय, भौतिक, सामाजिक, आर्थिक, सभ्यता तथा सांस्कृतिक विकासमा अवरोध पुऱ्याउदै स्थापित विकासका पूर्वाधार तथा मान्यताहरूमाथि पनि चुनौती थपेको छ । जलवायु परिवर्तनले गर्दा तापक्रममा वृद्धि हुने, वर्षामा परिवर्तन हुने र समग्र पृथ्वीको प्राकृतिक सन्तुलनमा फरक पर्न थालेको महसुस हुन थालेको छ। हिमालका हिँउ पग्लने, हिमतालहरू फुट्ने, अनियमित तथा अधिक वर्षा हुने, समुन्द्री सतह बढ्ने, बाढी, पहिरोको जोखिम तथा आवृत्ति बढ्ने, खडेरी लम्बिने तथा कृषि उत्पादनमा ह्रास आउने जस्ता समस्याहरू विकाराल रुपमा देखिदैं आएका छन् । यस्तै विषम परिस्थितिलाई मध्यनजर गर्दै विश्व समुदाय नै एक ढिक्का भई अनुकूलन तथा न्यूनीकरणका प्रयासहरूका माध्यमबाट जलवायु परिवर्तनसँग जुध्न सुरु भएको छ। जलवायु परिवर्तनका कारण नेपालमा खासगरी पहाडी तथा उच्च पहाडी जिल्लाहरूमा भौगोलिक सूचनाहरूको विश्लेषण तथा यहाँका स्थानीय समुदायहरूसँगको प्रत्यक्ष छलफलले किसानहरूलाई क्रमशः असर तथा प्रभावहरू बढिरहेको प्रष्ट रुपमा महसुस भएको छ ।

जलवायु परिवर्तनको कारकको रुपमा मानिएको हरितगृह ग्याँसको उत्सर्जनमा नेपालको नगण्य भूमिका हुँदा हुँदै पनि जर्मनवाचद्वारा प्रकाशित 'विश्वव्यापी जलवायु जोखिम सूचक-२०२१'को सोह्रौं संस्करणका अनुसार, सन् २०००-२०१९ को अवधिमा जलवायु परिवर्तनबाट प्रभावित प्रमुख दश देशको सूचीमा नेपाल दशौं स्थानमा रहेको छ। ११ हजार भन्दा बढी त्यस्ता घटनाहरूको कारण ४,७५,००० भन्दा बढी व्यक्तिले जीवन गुमाए र विश्व अर्थतन्त्रले २६.६ खर्ब अमेरिकी डलरको नोक्सानी बेर्होनुपरेको छ । यसैगरी नेपाल पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३०औं (मानव विकास प्रतिवेदन, २००९) स्थानमा रहेको छ। जीविकोपार्जनका लागि वर्षे पानी र प्राकिृतक स्रोतहरूमा अधिक निर्भर रहने हाम्रो देशमा यसको असर र यसले पार्नसक्ने प्रभावहरू आउने दिनमा अझै बढोत्तर हुने देखिन्छ । जलवायु परिवर्तनका कारण जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामीण बसोवास तथा भौतिक पूर्वाधारमा धेरै नकारात्मक असर परेको विवरण राष्ट्रिय अनुकूलन कार्यक्रम, २०६७ ले जनाएको छ । जलवायु परिवर्तनका कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा नकारात्मक असर पुगेको कुरा विभिन्न तथ्याङ्क र प्रमाणहरूले पुष्टि गरेका छन् भने यसको असरबाट विपन्न, महिला, बालबालिका, वृद्धवृद्धाहरु, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरु बढी प्रभावित हुन्छन् भन्ने तथ्य समेत विभिन्न अध्ययनहरूले प्रष्ट पारिसकेका छन् । यस्ता असर तथा प्रभावहरूका कारण वर्तमान तथा भविष्यमा आउन सक्ने जलवायुजन्य प्रकोप र सामाजिक तथा आर्थिक पक्ष र विकासका कार्यक्रममा पर्न सक्ने चुनौतीलाई सहभागितात्मक परिदृश्य विकासको माध्यमबाट प्रभावकारी अनुकूलनका उपायहरूको पहिचान तथा प्राथमिकीकरण गरी वातावरण तथा पर्यावरणीय प्रणालीको दीगो विकासमा सुनिश्चतता ल्याउन जरुरी देखिन्छ ।

यसै सन्दर्भमा संगठित र योजनाबद्ध रुपमा जलवायु सङ्कटासन्नतालाई सम्बोधन गर्न संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन खाका महासन्धिको प्रावधान अनुसार नेपालले विक्रम संवत् २०६६ मा आफ्नो राष्ट्रिय अनुकूलन कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । राष्ट्रिय अनुकूलन कार्यक्रममा प्रस्ताव गरिएका अनुकूलनका उपायहरूलाई

लक्षित क्षेत्र र समुदायहरूसम्म पुऱ्याई कार्यान्वयन गर्न जलवायु परिवर्तन नीति, २०६७ र स्थानीय अनुकूलन कार्ययोजनाको खाका, २०६८ तयार पारी कार्यान्वयनमा ल्याइएको थियो । नेपालमा विगत एक दशकदेखि जलवायु परिवर्तन अनुकूलनका क्षेत्रमा विभिन्न पहलकदमीहरू सुरु गरी जलवायु परिवर्तन सङ्कटासन्न समुदाय तथा घरधुरीहरूको अनुकूलन क्षमता वृद्धि गर्न मुलुकको विभिन्न भागमा विभिन्न कार्यक्रमहरू सञ्चालन हुदैँ आएका छन् । यसका साथै जलवायु परिवर्तन अनुकूलन सम्बन्धी आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गर्ने र सोही आधारमा मध्यकालीन (सन् २०३० सम्म) र दीर्घकालीन (सन् २०५० सम्म) समयका लागि जनसङ्ख्या तथा वातावरण मन्त्रालयको समन्वयमा राष्ट्रिय अनुकूलन योजना तयार भई सकेको छ । विगतका अनुभव, अन्तर्राष्ट्रिय सन्दर्भ र नेपालमा भएको राज्य पूर्नसंरचना अनुकूल हुने गरी नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ र जलवायु नीति २०७६, जारी गरिसकेको छ भने स्थानीय स्तरमा विकास निर्माणको समग्र प्रक्रियामा जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नुपर्दछ भन्ने सैद्धान्तिक अवधारणामा आधारित रही परिमार्जित स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना २०७६ पारित भइसकेको छ । यो परिमार्जित खाकाले स्थानीय सरकारहरूलाई स्थानीय स्तरमा जलवायु परिवर्तनका असरहरू व्यवस्थापन गर्न र दीर्घकालिन जलवायुमैत्री विकासका योजनाहरू पहिचान तथा कार्यान्वयन गर्न सहयोग गर्नेछ । यसले स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरूबीच नियमित सहकार्य तथा संवाद मार्फत् स्थानीय क्रियाकलापहरूको कार्यान्वयनमा सहमति निर्माण गरी जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र दीगो विकाससँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन गर्न समेत मद्दत गर्नेछ ।

जलवायु परिवर्तनको प्रकोपको असर तथा विपद्वाट विपन्न, महिला तथा बालबालिका, वृद्धवृद्धा तथा फरक क्षमता भएका समुदायहरू बढी प्रभावित हुने विभिन्न अध्ययनहरूले देखाएको छ । जलवायु परिवर्तनको कारण पहिरो, बाढी तथा नदी कटान, बालीरोग, पशुरोग, खडेरी, मिचाहाझार, आगलागी, मानवरोग आदि जस्ता प्रकोपहरूले स्थानीय स्तरमा प्रत्यक्ष रुपमा असर परेको महसुस गरेको पाइएको छ । भर्खरै सन् २०२१ मा वन तथा वातावरण मन्त्रालयले तयार गरेको सङ्कटासन्नता तथा जोखिम विश्लेषणले नेपालको समग्र सङ्कटासन्न विश्लेषण अनुसार लमजुङ्ग जिल्ला उच्च जोखिममा रहेको देखाएको छ । खासगरी कृषि, वन, जैविक विविधता तथा जलाधार क्षेत्रमा जलवायु परिवर्तनको जोखिम धेरै देखिएको छ । यसै सन्दर्भमा जलवायु परिवर्तनले स्थानीय समुदायको विभिन्न क्षेत्रमा पारेको असरहरूसँग सामना गर्नसक्ने क्षमताको अभिवृद्धि गर्न स्थानीय अनुकूलन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने उद्देश्यका साथ लमजुङ्ग जिल्लाको राईनास नगरपालिकाको सङ्कटासन्नता, सम्मुखता र अनुकूलन क्षमता विश्लेषणको आधारमा जोखिम मूल्याङ्कन र सङ्कटासन्न नक्सा तथा जोखिम नक्साङ्कनको आधारमा राष्ट्रिय संरचनाले निर्दिष्ट गरेको विधि, प्रक्रिया र चरणहरूलाई अवलम्वन गरी यो स्थानीय योजना तयार गरिएको छ । यस योजना तयारीको सिलसिलामा बहुसरोकारवाला निकायहरू नगरपालिका, जनप्रतिनिधिहरू, विषयगत शाखा प्रमुख, स्थानीय गैह्रसरकारी सङ्घसंस्थाहरूको प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू, महिला तथा अन्य सरोकारवाला निकायहरूको सक्रिय सहभागिता रहेको थियो । वडा स्तरबाट पहिचान भएको प्रकोप तथा अनुकूलनका प्रयासहरू तथा भौगोलिक नक्साङ्कन विधिबाट प्राप्त भएका सूचनालाई समेत समावेश गरी यो स्थानीय अनुकूलन कार्ययोजना

तयार गरिएको छ। राईनास नगरपालिकाले नगरसभाबाट अनुमोदन गरेर आवधिक योजनाको अभिन्न अङ्गको रुपमा राखेपछि यो योजना लागू हुनेछ । जलवायुजन्य प्रकोपहरू बढ्दै गएको महसुस गरेका यस नगरपालिकाका बासिन्दाहरूले यस योजनाको कार्यान्वयनको क्रममा ५ वर्षे योजना निर्माण गरी जलवायुजन्य जोखिमको असर र प्रभावलाई न्यूनीकरण गर्न यहाँका सबै वर्ग (खासगरी बढी जोखिममा रहेको समुदायहरू, बस्तीहरू, क्षेत्रहरू)को सहभागितामा अनुकूलन क्षमता वृद्धि तथा प्रभावसँग जुध्न सक्ने क्षमता विकास हुने गरी योजना तयार गरेका छन् । यो योजना कार्यान्वयनको प्रत्येक चरणमा कार्यान्वयनको प्रभावकारिता बढाउनको लागि लैङ्गिक संवेदनशीलता तथा विपन्नहरुको सहभागितालाई सुनिश्चित गरी राईनास नगरपालिकाको नेतृत्वमा यो स्थानीय अनुकूलन योजना तयार गरिएको छ।

## १.२. योजनाको लक्ष्य, मान्यता एवम् निर्देशक सिद्धान्तहरू

जलवायु परिवर्तनको वर्तमान परिवेशमा यस नगरपालिकामा विद्यमान जलवायु परिवर्तनको सङ्कटासन्नता पहिचान गर्ने, संवेदनशीलता विश्लेषण गर्ने र प्रकोपहरूको क्षेत्र तथा प्रभावित समुदाय पहिचान गरी ती पक्षहरूलाई सम्बोधन गर्ने गरी अनुकूलन योजना तयार गर्ने मान्यता अनुरूप यो कार्ययोजना तयार भएको छ। नगरपालिकाको लगानीमा भएका विकासका कार्यहरूमा जलवायुजन्य प्रकोपहरू (जस्तै पहिरो, बाढी तथा नदी कटान, बालीरोग, पशुरोग, खडेरी, मिचाहाझार, आगलागी, मानवरोग आदि)बाट क्षति परिरहेको हुदाँ लगानीबाट राम्रो नतिजा प्राप्त गर्न कठिन भइरहेको छ र ती विकास कार्यहरू दीगो हुन सकेका छैन्न । जलवायु परिवर्तनका यस्ता असर तथा प्रभावहरू कुनै प्रशासनिक सीमामा सीमित नहुने भएतापनि योजना तयारी, कार्यान्वयन तथा स्वामित्वका लागि यस योजना राईनास नगरपालिकाको प्रशासनिक सिमानामा पर्ने क्षेत्रमा मात्रै सिमित छ। भविष्यमा अन्य स्थानीय तहहरूले पनि स्थानीय अनुकूलन योजना तयार गर्दा वृहत जलाधार तथा भौगोलिक क्षेत्रमा परेको असर न्यूनीकरण गर्न सकिने लक्ष्य तथा मान्यतामा राईनास नगरपालिकाको स्थानीय जलवायु अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण कार्ययोजना तयार गरिएको छ । वातावरण संरक्षण ऐन, २०७६, जलवायु परिवर्तन नीति, २०७६, परिमार्जित स्थानीय अनुकूलन कार्ययोजनाको खाका, २०७६, जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-२०८७), उत्थानशील स्थानीय समुदायका लागि नमूना रणनीति, २०७५ र राष्ट्रिय अनुकूलन कार्यक्रमहरूले राखेका लक्ष्य, उद्देश्य, प्राथमिकताहरूलाई आधार मान्दै नगरपालिकाको समग्र सङ्कटासन्नता तथा अनुकूलन विश्लेषणको आधारमा यो स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा गरिएको छ।

यो योजना तयारीमा स्थानीय अनुकूलन कार्ययोजनाका निर्दिष्ट सिद्धान्तहरु (समावेशी, उर्ध्वगामी, लचिलोपना, र तत्परता)लाई आधार विन्दु मानिएको छ। राईनास नगरपालिकाको स्थानीय अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण कार्ययोजना नगरपालिका अन्तर्गत पर्ने सम्पूर्ण वडाहरू र बस्ती तथा समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्दै जीविकोपार्जनमा सुधार ल्याउने तथा जलवायु परिवर्तनबाट हुने क्षति न्यूनीकरण गर्ने कोशेढुङ्गाको रूपमा स्थापित हुनेछ। यस योजनाका औचित्यहरू निम्नानुसार रहेका छन्:

- अति सङ्कटासन्न वडा, बस्ती तथा समुदाय र तिनका अनुकूलन चुनौती तथा अवसर लगायत कार्य पहिचान गर्न,

- स्थानीय समुदायले आफ्ना आवश्यकता बारे आफैँले निर्णय गर्न सहज तरिका प्रयोग गर्न सक्ने गरी अनुकूलन कार्यहरूको पहिचान तथा प्राथमिकीकरण गर्न,
- स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न र स्थानीय स्वायत्त शासन ऐन बमोजिम सो कार्ययोजनालाई स्थानीय तथा राष्ट्रिय स्तरका योजनामा समेत समायोजन गर्न,
- सेवा प्रदायक निकायले समयमै प्रभावकारी ढङ्गले स्रोत परिचालन गरी अनुकूलन कार्य क्रमबद्ध रूपमा अपनाउन तथा कार्यान्वयन गर्न,
- कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न, र
- स्थानीय तथा राष्ट्रिय योजनालाई लागतको आधारमा अनुकूलनका प्रभावकारी विकल्प पहिचान गर्न ।

**मान्यताः**

- स्थानीय जलवायु अनुकूलन कार्ययोजनाहलरू स्थान अनुसार फरक फरक हुन्छन् ।
- यो योजना तयारी गर्दा विगतमा विभिन्न निकाय तथा दातृ निकायहरूले तयार गरी कार्यान्वयन गरेका स्थानीय अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण योजनाहरूको सबल पक्षहरूलाई समावेश गरिएको छ ।
- स्थानीय समुदाय तथा सरोकारवालाहरूको सहभागितामा लक्षित क्षेत्र, वर्ग तथा समुदायको पहिचान गरी जलवायु परिवर्तनको असरसँग सामना गर्न अनुकूलनका उपायहरूको प्राथमिकीकरण गरी स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।
- वडास्तरमा छलफल गरी तयार गरिएको नगरस्तरीय अनुकूलन योजनाले लक्षित क्षेत्र, वर्ग तथा समुदायलाई समेटी जोखिम क्षेत्रको पहिचान गरी कार्यक्रमहरूको तय गरेको हुँदा यो कार्ययोजना प्रभावकारी रुपले सञ्चालन गर्न सकिन्छ ।
- स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि भएको हुँदा कार्यक्रम कार्यान्वयनका लागी अनुकूल वातावरणको श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा नगरपालिकामा रहेका सम्पूर्ण सरोकारवालाहरूलाई समावेश गरिएकाले योजनालाई प्राथमिकताकासाथ कार्य गर्न उपयुक्त वातावरण श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाको निर्देशित सिद्धान्त उर्ध्वगामी, समावेशी, तत्परता र लचकतामा आधारित स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।
- राष्ट्रिय अनुकूलन योजनाले पहिचान गरेका क्षेत्रमा आधारित भई जलवायु परिवर्तनले असर गर्ने सबै विषयगत क्षेत्र समेटी विभिन्न सरकोकारवाला निकायहरूको सहभागितामा योजना तयार गरिएको छ ।
- स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा स्थानीय विपद् व्यवस्थापनका पक्षहरूलाई पनि विशेष ध्यान दिईएको छ ।
- वर्तमान तथा भविष्यमा आउन सक्ने जलवायुजन्य प्रकोप र यसबाट सामाजिक तथा आर्थिक पक्ष र विकासका कार्यक्रममा पर्न सक्ने चुनौतीलाई सहभागितात्मक परिदृश्य विकासको माध्यमबाट विश्लेषण गरी

प्रभावकारी अनुकूलन उपायहरुको पहिचान तथा प्राथमिकीकरण गरेको हुनाले वातावरण तथा पर्यावरणीय प्रणालीको दीगो विकासमा सुनिश्चितता ल्याउने छ ।

**स्थानीय अनुकूलन योजना र विपद् जोखिम व्यवस्थापन बीच अन्तर्सम्बन्ध**

स्थानीय अनुकूलन कार्ययोजना तयारीको लागि वन तथा वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना तयार गरी लागू गरेको छ भने स्थानीय विपद् व्यवस्थापन योजना तयारीको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट मार्गदर्शन तयार गरी लागू गरिएको छ । दुवै दस्तावेजको लागि छुट्टाछुट्टै मन्त्रालयबाट मार्गदर्शन लागू गरिएको भएता पनि यसको उद्देश्य, आशय, योजना तर्जुमा, प्रक्रिया र विधिमा खासै भिन्नता देखिदैंन । दुवै योजनाको मुख्य उद्देश्य नेपालले भोगिरहनु पर्ने र दोहोरिरहने पहिरो, बाढी तथा नदी कटान, बालीरोग, पशुरोग, खडेरी, मिचाहाझार, आगलागी, मानवरोग आदि जस्ता विनाशकारी समस्या तथा जोखिमहरूसँग जुध्न उत्थानशील समुदायको निर्माण गर्नु रहेको छ । स्थानीय अनुकूलन कार्ययोजनाले जलवायु परिवतर्नबाट सिर्जित जलवायुजन्य प्रकोपहरूमा केन्द्रित भई सङ्कटासन्न समुदायको अनुकूलित क्षमतामा अभिवृद्धि गर्ने उद्देश्यका साथ योजना तयार गरेको र स्थानीय विपद् व्यवस्थापन योजनाले जलवायुजन्य तथा अन्य प्रकोपहरूलाई समेटी विपद् व्यवस्थापनका पक्षलाई केन्द्रित गरी योजना तयार गरी कार्यान्वयन गर्ने भएकाले स्थानीय अनुकूलन योजना र स्थानीय विपद् जोखिम व्यवस्थापन योजना समायोजन गर्नुपर्ने आवश्यकता देखिएको छ। विपद् व्यवस्थापन योजनामा समावेश भए गरेका विपद् व्यवस्थापन सम्बन्धी योजनाहरू पनि स्थानीय अनुकूलन कार्ययोजनामा समावेश गरी कार्यान्वयन गर्दा अझ बढी प्रभावकारी हुने देखिएकोले यस योजनामा दुवै योजनाका समान रहेका पक्षहरूलाई समावेश गर्ने प्रयास गरिएको छ ।

## १.३. योजना तयारीका चरण तथा प्रक्रियाहरू

स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, परिमार्जित स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०७६, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०, वातावरण नीति २०७६ लाई आधार मानिएको छ। स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाका चार निर्देशक सिद्धान्तहरु (उर्ध्वगामी, तत्परता, लचकता र समावेशी) र छ चरण अन्तर्गत विभिन्न सहभागितामूलक विधिहरूको प्रयोग गरी यो कार्ययोजना तर्जुमा गरिएको छ, जसको समग्र प्रक्रिया चित्र १मा देखाइएको छ ।




*चित्र १ स्थानीय अनूकुलन कार्ययोजना खाकाको समग्र प्रक्रिया*

स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा गोष्ठी राईनास नगरपालिकामा मिति २०७८/०५/१९ गतेका दिन जन प्रतिनिधिहरू र नगरपालिकास्तरीय सरोकारवालाहरूलाई जलवायु परिवर्तन अनुकूलन सचेतीकरण गरेर सुरुवात गरिएको थियो। सो गोष्ठीमा नगरपालिका क्षेत्रमा रहेका मुख्य प्रकोपहरूको पहिचान साथै जोखिमहरूको विश्लेषण गरिएको थियो । त्यसै गरी नगरपालिकामा सङ्कटासन्नता लेखाजोखा, प्रकोप स्रोत नक्साङ्कन समेत तयार गरिएको थियो। वडा १ को वडागत गोष्ठी मिति २०७८/०५/२८, वडा २ र ३ को २०७८/०५/२९, वडा ४ र ५ को २०७८/०५/३०, वडा ८ र ९ को २०७८/०५/३१, वडा १० को २०७८/०६/०१ तथा वडा ७ र ८ को गोष्ठी मिति २०७८/०६/०२ का दिन सम्पन्न गरिएको थियो । वडास्तरका गोष्ठीमा जलवायु परिवर्तन सम्बन्धी सचेतीकरण, प्रकोपको पहिचान र बस्तीहरू छनौट पश्चात् बस्तीहरुमा सङ्कटासन्नता लेखाजोखा र अनुकूलनका क्रियाकलापहरूको पहिचान गरिएको थियो। प्रत्येक क्रियाकलापहरूलाई विभिन्न सूचकको आधारमा प्राथमिकीकरण पनि गरिएको थियो। प्रत्येक वडाबाट आएका सूचनाहरूलाई पुन: नगरपालिकामा मिति २०७९/../.. गतेका दिन प्रस्तुत गरिएको थियो। स्थानीय अनुकूलन योजना तर्जुमार्थ यस नगरपालिकामा अपनाइएका प्रक्रियाहरू चित्र २ मा समावेश गरिएको छ।




*चित्र २ स्थानीय अनुकूलन कार्ययोजना तयारीको प्रक्रिया*

### १.३.१. जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिवृद्धि

जलवायु परिवर्तन नवीनतम विषयवस्तु नभएता पनि यसले पार्ने असर तथा प्रभावहरूलाई सम्बोधन गर्नका लागि प्रभावकारी स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न यसले पार्न सक्ने असर तथा प्रभाव, अनुकूलनका विद्यमान अवसर वा चुनौती र त्यसको सामना गर्नका लागि आवश्यक स्रोत र साधन जुटाउने तरिका आदि सम्बन्धी सूचना स्थानीय स्तरमा जानकारी गराउन नगरपालिकामा एक दिने प्रारम्भिक छलफल, नगरपालिकामा दुईवटा सङ्कटासन्नता तथा जोखिम मूल्याङ्कन गोष्ठी तथा वडास्तरमा दशवटा एक दिने गरी तेह्रवटा सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त गोष्ठीहरूबाट प्रत्यक्ष रूपमा ३२८ व्यक्ति लाभान्वित भएका छन् ।

सचेतना कार्यक्रममा नगर कार्यपालिका तथा नगर परिषद्का सदस्यहरू, नगरपालिकाका शाखा प्रमुखहरू, वन तथा वातावरण समिति, सङ्कटासन्न समुदाय, स्थानीय निकाय, राजनीतिक दल, शैक्षिक एवम् सेवा प्रदायक सङ्घ-संस्था, विज्ञ, दलित, जनजाति, कृषक, युवा र सर्वसाधारणको सहभागिता रहेको थियो । सचेतना अभिवृद्धि कार्यक्रमको लागि जलवायु परिवर्तन सम्बन्धी प्रस्तुति, सामूहिक छलफल, लक्षित वर्ग छलफल, सामुहिक कार्य आदि विधिहरूको प्रयोग गरिएको थियो । यस्तै छलफलका माध्यमबाट मौसमी पात्रो र बाली पात्रो तयार गर्नुका साथसाथै प्रकोपहरूको पहिचान तथा नक्साङ्कन पनि गरिएको थियो । नगरपालिका तथा वडास्तरमा भएका छलफल तथा अन्तरक्रियामा रहेका सहभागीहरूको संक्षिप्त विवरण तालिका १ मा र नामावली अनुसूचीमा उल्लेख गरिएको छ ।

*तालिका १ स्थानीय जलवायु अनुकूलन कार्ययोजना तर्जुमाको क्रममा संलग्न सहभागीहरू*

| योजना तर्जुमा स्थान | पुरुष | महिला | जम्मा | दलित | जनजाती | बा.क्षे | अन्य |
|---|---|---|---|---|---|---|---|
| नगरपालिका स्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण | ४० | १४ | ५४ | २ | १६ | ३५ | १ |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा १ | १३ | १५ | २८ | २ | ७ | १९ | ० |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा २ | ११ | १० | २१ | २ | ६ | १२ | १ |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ३ | १६ | १२ | २८ | ४ | ४ | २० | ० |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ४ | १७ | १० | २७ | २ | ८ | १७ | ० |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ५ | १० | १० | २० | ३ | ८ | ८ | १ |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ६ | १९ | १३ | ३२ | ६ | ६ | २० | ० |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ७ | १४ | १५ | २९ | ५ | १४ | ८ | २ |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ८ | १४ | १२ | २६ | ३ | ५ | १६ | २ |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा ९ | २७ | ८ | ३५ | १ | २८ | ५ | १ |
| वडास्तरीय छलफल, सचेतना तथा अभिमुखीकरण, वडा १० | १३ | १५ | २८ | ५ | २१ | २ | ० |
| स्थानीय अनुकूलन कार्ययोजना अनुमोदन (नगरपालिकास्तर) | | | | | | | |
| **जम्मा** | | | | | | | |

### १.३.२. सङ्कटासन्नता तथा जोखिम विश्लेषण

यस नगरपालिकाभित्र रहेका विभिन्न वडाहरूमा जलवायुजन्य प्रकोपका कारणले सिर्जित जोखिम पहिचान गर्नका लागि सूचकमा आधारित सङ्कटासन्नता तथा जोखिम विश्लेषण विधिको प्रयोग गरिएको छ। यस विश्लेषणका लागि आवश्यक सूचकहरू दुई चरणबाट छनौट गरिएको छ । पहिलो चरणमा सम्भावित सूचनाका स्रोतहरू (नगर पार्श्वचित्र, भौगोलिक सूचना प्रणाली, अन्य प्रतिवेदनहरू आदि)को समिक्षा तथा पुनरावलोकन गरिएको थियो। दोस्रो चरणमा राष्ट्रिय अनुकूलन कार्यक्रमका विज्ञ टोली समेतको पृष्ठपोषणबाट सूचकहरूको निर्धारण गरिएको थियो । सङ्कटासन्नता तथा जोखिम विश्लेषणका लागि आवश्यक सूचनाहरू मुख्य रूपमा नगर पार्श्वचित्र, भौगोलिक सूचना प्रणालीमा आधारित तथ्याङ्कहरू तथा वार्षिक प्रतिवेदनमा आधारित छन्। राईनास नगरपालिकाको सङ्कटासन्नता तथा जोखिम विश्लेषण जलवायु विज्ञ र भौगोलिक सूचना प्रणाली विज्ञको सहयोग तथा शहरी योजना तथा प्रकोप जोखिम न्यूनीकरण विज्ञको नेतृत्त्वमा सम्पन्न भएको थियो । यो प्रक्रियामा यस नगरका वडाहरूलाई भौगोलिक अवस्थिति तथा प्रकोप भए नभएको आधारमा दुई समूहमा विभाजन गरी दुई भिन्न गोष्ठीहरू सञ्चालन गरिएको थियो। उक्त गोष्ठीहरूमा सम्बन्धित वडा अध्यक्षहरू, वडाका प्रतिनिधिहरू, प्रशासकीय अधिकृत, वन अधिकृतहरू, नगर प्रमुख, नगर उपप्रमुख, कृषि अधिकृतहरू आदिको उपस्थिति थियो ।

सङ्कटासन्नता तथा जोखिम विश्लेषणका लागि माथि उल्लिखित विधिबाट पहिचान गरिएका सूचकहरू तालिका २ मा दिइएको छ। सूचकहरूका आधारमा सङ्कटासन्नता तथा जोखिम विश्लेषण गरिएको विस्तृत तरिका परिच्छेद ४ मा उल्लेख गरिएको छ।

*तालिका २ प्रकोप, सम्मुखता, संवेदनशीलता र अनुकूलन क्षमताका सूचकहरू*

| प्रकोपहरू | सम्मुखताका सूचकहरू | संवेदनशीलताका सूचकहरू | अनुकूलन क्षमताका सूचकहरू |
|---|---|---|---|
| चट्याङ | जम्मा जनसङ्ख्या | १८ वर्षभन्दा कम तथा ६० वर्षभन्दा माथिको जनसङ्ख्या | जागिरेको सङ्ख्या |
| पहिरो | खेतीयोग्य जमिन | महिलाको जनसङ्ख्या | शिक्षित जनसङ्ख्या |
| आगलागी | वन क्षेत्र | अपाङ्ग तथा अशक्तको जनसङ्ख्या | विद्युतमा पहुँच पुगेका घरधुरीको सङ्ख्या |
| बाढी/नदी कटान | बस्ती तथा भौतिक पूर्वाधार | खाद्यान्न अभाव भएका घरधुरी | सामुदायिक वनको सङ्ख्या |
| खडेरी | | श्रमिक तथा मजदुरहरूको जनसङ्ख्या | विद्यालयको सङ्ख्या |
| असिनापानी | | खाना पकाउन दाउरा प्रयोग गर्ने घरधुरीको सङ्ख्या | स्वास्थ्य पूर्वाधारको सङ्ख्या |
| पशु रोग | | खानेपानीको लागि खुल्ला पानीको स्रोत प्रयोग गर्ने घरधुरी | सुरक्षित खानेपानीमा पहुँच भएका घरधुरीको सङ्ख्या |
| बाली रोग | | गरिब घरधुरीको सङ्ख्या | बाह्रै महिना खान पुग्ने घरधुरी |
| मानव रोग | | बाढी पहिरोको नजिक तथा ३० प्रतिशत भन्दा बढी भिरालोमा बसोबास गर्ने घरधुरीको सङ्ख्या | खानेपानीका स्रोत तथा वितरण |
| मिचाहा झार | | | पर्यटकीय क्षेत्रको सङ्ख्या |
| हावाहुरी | | | |

### १.३.३. प्रकोप व्यवस्थापन तथा अनुकूलनका उपायहरू तथा प्राथमिकीकरण

यस प्रक्रिया मार्फत सङ्कटासन्न व्यक्ति तथा समुदायहरू र जीविकोपार्जन तथा पर्यावरणीय प्रणालीको विवरण तयार गरी सो बमोजिम अनुकूलन र जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यक्रमहरू तयार गर्न मद्दत पुगेको छ । सङ्कटासन्नता तथा अनुकूलन मूल्याङ्कन तथा लेखाजोखाका लागि वडा अध्यक्ष, वडा सदस्यहरू, कृषकहरू, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि, महिला समूहका प्रतिनिधि, सम्बन्धित सरकारी अधिकारीहरू, तथा सरोकारवालाहरूको उपस्थितिमा ऐतिहासिक समयरेखा, सङ्कटासन्नता नक्साङ्कन, जलवायु परिवर्तनको क्षेत्रगत प्रभाव, पारिस्थितिकीय प्रणालीमा परेका प्रभाव, जीविकोपार्जनका स्रोत र प्रकोपबीच अन्तर सम्बन्ध, जोखिम तथा अनुकूलनको विश्लेषण, अनुकूलनका उपायहरूको प्राथमिकीकरण जस्ता सहभागितामूलक अभ्यास तथा विश्लेषण गरी सो बाट आएका नतिजाहरू परिच्छेद ३ मा उल्लेख गरिएको छ ।

### १.३.४. अनुमोदन तथा आवधिक योजनामा समायोजन

नगरपालिकाद्वारा आयोजित बैठकले विभिन्न विधि, प्रक्रिया तथा तरिकाहरू प्रयोग गरी तयार पारिएको स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनाको मस्यौदालाई आवश्यक पृष्ठपोषण सहित पारित गरेको थियो । उक्त बैठकले यस कार्ययोजनालाई नगरपालिकाको एक अभिन्न अङ्गको रूपमा ग्रहण गर्दै आगामी वर्षहरूमा वार्षिक तथा आवधिक योजना निर्माण गर्दा यस योजनालाई अङ्गिकार गर्ने निर्णय पनि गरेको थियो ।

# परिच्छेद २ नगरपालिकाको परिचय तथा अवस्थिति

## २.१. नगरपालिकाको भौगोलिक अवस्थिती र भू-बनोट

राईनास नगरपालिका गण्डकी प्रदेश अन्तर्गत लमजुङ्ग जिल्लाको दक्षिण-पश्चिमी भागमा रहेको छ । वि.सं. २०७३ सालमा भएको राज्यको पुनर्संरचना अनुसार साविकका तार्कुघाट, धमिलीकुवा, चक्रतीर्थ, भलायखर्क, प्यार्जुङ्ग र माहोरियाकोट गाविसहरू मिली बनेको यो नगरपालिकाको पूर्वमा गोरखा जिल्लाको सिरानचोक गाउँपालिका, पश्चिममा सुन्दरबजार नगरपालिका र तनहुँ जिल्लाको भानु नगरपालिका, उत्तरमा दोर्दी र दूधपोखरी गाउँपालिका र दक्षिणमा गोरखा जिल्लाको पालुङ्गटार नगरपालिका रहेका छन् (नक्सा १) । विश्व मानचित्रमा यो नगरपालिका २८°०३'२१.४९" देखि २८°१०'१५.५१" सम्म उत्तरी अक्षांश र ८४°२६'०४.७१" देखि ८४°३३'१५" सम्म पूर्वी देशान्तरमा समुद्री सतहबाट करिब ५०० देखि १८०० मि उचाई (नक्सा २) सम्म फैलिएको छ । यस नगरपालिकाको कार्यालय साविकको चक्रतीर्थ गाविसको तीनपीप्ले (हालको वडा ५)मा रहेको छ ।




*नक्सा १ राईनास नगरपालिकाको राजनैतिक नक्सा*




*नक्सा २ राईनास नगरपालिकाको उचाइ नक्सा*

यस नगरपालिकाको केन्द्र तीनपीप्लेसम्म कच्ची मोटरबाटो पुगेको छ। राजधानी काठमाण्डौँबाट करिब १६० कि.मि पश्चिममा रहेको यो नगरपालिका भानुभक्त राजमार्गको नेपालडाँडाबाट करिब १ कि.मि. यात्रा पछि प्रवेश गर्न सकिन्छ । तलिका ३ मा देखाइए अनुरूप नगरपालिकाको केन्द्र तीनपीप्लेबाट वडा ९ सबैभन्दा टाढा र वडा ५ सबैभन्दा नजिक रहेका छन् ।

*तालिका ३ वडा केन्द्रदेखि पालिका केन्द्रसम्मको दुरी*

| वडा | नगरपालिका केन्द्रसम्मको दुरी (कि.मि.) |
|---|---|
| १ | ७ |
| २ | ७ |
| ३ | २ |
| ४ | २ |
| ५ | ० |
| ६ | - |
| ७ | ७ |
| ८ | ९ |
| ९ | २६ |
| १० | - |

## २.२. क्षेत्रफल तथा जनसङ्ख्या

वि.सं. २०७३ सालमा राज्यको पुनर्संरचना गर्दा साविकको तार्कुघाट, धमिलीकुवा, चक्रतीर्थ, भलायखर्क, प्यार्जुङ्ग र माहोरियाकोट गाविसका सबै वडाहरूलाई मिलाएर यो नगरपालिका बनाइएको हो। यस नगरपालिकामा हाल दशवटा वडाहरू रहेका छन्। नगरपालिकाको जम्मा क्षेत्रफल ७१.९७ वर्ग किलोमिटर र जम्मा जनसङ्ख्या १८,५२७ (महिला

१०,४२८ र पुरुष ८,०९९) रहेको छ। क्षेत्रफलका हिसाबले वडा ४ सबैभन्दा सानो (३.७ वर्ग किमि) र वडा १० सबैभन्दा ठूलो (१०.५३ वर्ग किमि) रहेको छ। नगरपालिकाको वडागत क्षेत्रफल तथा जनसङ्ख्याको विवरण तालिका ४ तथा जनघनत्त्व नक्सा ३ बमोजिम रहेको छ।

*तालिका ४ वडागत रूपमा जनसङ्ख्या तथा क्षेत्रफलको विवरण*

| वडा | जनसङ्ख्या | क्षेत्रफल |
|---|---|---|
| १ | १,१४३ | ४.४८ |
| २ | १,०४७ | ५.९१ |
| ३ | १,६८४ | ८.०८ |
| ४ | १,७३७ | ३.७ |
| ५ | १,५९० | ४.२ |
| ६ | १,९२२ | ८.३७ |
| ७ | २,५०३ | ६.६५ |
| ८ | २,८९३ | ९.७६ |
| ९ | २,२६९ | १०.२१ |
| १० | १,७३९ | १०.५३ |
| **जम्मा** | १८,५२७ | ७१.९७ |

*स्रोत: राईनास नगरपालिकाको पार्श्वचित्र, २०७५*




*नक्सा ३ राईनास नगरपालिकाको जनघनत्व नक्सा*

## २.३. विगत तथा वर्तमानमा भू-उपयोगको अवस्था

सन् २००० र सन् २०२० मा भौगोलिक सूचना प्रणालीबाट लिइएको तत्थ्याङ्को विश्लेषण गर्दा यस नगरपालिकाको भू-उपयोगमा उल्लेखनीय परिवर्तन भएको पाइन्छ। सन् २००० र सन् २०२० मा यहाँको भू-उपयोगको तुलनात्मक अवस्था नक्सा ४ मा देखाइएको छ भने त्यसको तथ्याङ्कीय विवरण तालिका ५ मा उल्लेख गरिएको छ। समग्रमा

यहाँको कृषिभूमि ९.७% ले घटेको र वनक्षेत्र ३.७३% ले बढेको देखिन्छ। यस अवधिमा शहरी तथा आवासीय क्षेत्र ०.५७ वर्ग किलोमिटरबाट बढेर २.५३ वर्ग किलोमिटर पुगेको छ।

भू-उपयोग परिवर्तन सबै वडामा भएको देखिन्छ । पालिका तथा वडास्तरमा भएका छलफलहरूमा व्यक्तिगत स्वामित्वमा रहेको कृषिभूमिलाई बाँझो छाड्नु र त्यसस्थानमा घाँस, रुख तथा बिरुवाहरूको वृद्धि हुनु नै वन क्षेत्र बढ्नु र कृषिभूमि घट्नुको कारण हो ।

*तालिका ५ सन् २००० देखि सन् २०२० सम्मको वडागत भुउपयोग परिवर्तनको अवस्था*

| वडा | कृषि क्षेत्र | | | वन, झाडी तथा कृषि वन क्षेत्र | | | शहरी तथा आवासीय क्षेत्र | | | खोला, ताल तथा दलदल | | | बाँझो जमिन, सार्वजनिक क्षेत्र | | | औद्योगिक क्षेत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २००० | २०२० | परिवर्तन % | २००० | २०२० | परिवर्तन % | २००० | २०२० | परिवर्तन % | २००० | २०२० | परिवर्तन % | २००० | २०२० | परिवर्तन % | २००० | २०२० | परिवर्तन % |
| १ | २३२.९७ | २५५.११ | ९.५० | १९७.२१ | १७०.५९ | -१३.५० | ३.५३ | १४.२४ | ३०३.४ | १३.४३ | ७.८२ | -४१.७७ | १.०५ | ०.४४ | -५८.१० | ० | ० | ० |
| २ | २५६.०४ | २६९.४३ | ५.२३ | ३८१.८६ | २९६.४८ | -२२.३६ | २.३३ | ११.२१ | ३८१.१२ | ९.७२ | ६.९८ | -२८.१९ | ०.५८ | ६.४३ | १००८.६ | ० | ० | ० |
| ३ | ४५१.८३ | ४३२.०४ | -४.३८ | ३३०.९७ | ३१६.९६ | -४.२३ | ४.८१ | २८.४२ | ४९०.८५ | २०.५१ | १४.२८ | -३०.३८ | ०.१४ | १६.५७ | ११७३५.७१ | ० | ० | ० |
| ४ | २०४.४ | २०४.१८ | -०.११ | १५२.६१ | १३८.०८ | -९.५२ | ४.६६ | २०.७३ | ३४४.८५ | ७.९५ | ६.५४ | -१७.७४ | ०.२१ | ०.३० | ४२.८६ | ० | ० | ० |
| ५ | २८४.७५ | २९५.३३ | ३.७२ | ११४.६७ | ७८.७२ | -३१.३५ | ३.९९ | २२.८७ | ४७३.१८ | १६.८२ | २२.९४ | ३६.३९ | ० | ०.३७ | - | ० | ० | ० |
| ६ | ४२०.२२ | ३७०.९७ | -११.७२ | ४०५.३२ | ४०८.९३ | ०.८९ | ७.०९ | ३१.३० | ३४१.४७ | ४.४४ | १६.३२ | २६७.५७ | ० | २.८४ | - | ० | ६.७२ | - |
| ७ | ४०३.६७ | ३९२.३१ | -२.८१ | २०७.४३ | १९२.३८ | -७.२६ | ७.५१ | ३२.१५ | ३२८.१० | ४६.०१ | ४५.६५ | -०.७८ | ०.०५ | २.१९ | ४२८० | ० | ० | ० |
| ८ | ५३७.३६ | ४६५.४० | -१३.३९ | ४००.६९ | ४२८.४८ | ६.९४ | ८.८९ | ३६.६१ | ३११.८१ | २८.७८ | ४४.९५ | ५६.१८ | ० | ०.२९ | - | ० | ० | ० |
| ९ | ७३६.८२ | ५४५.५७ | -२५.९६ | २६८.८३ | ४३८.५० | ६३.११ | ७.६९ | ३३.४८ | ३३५.३७ | १५.५८ | १०.६९ | -३१.३९ | ० | ०.६७ | - | ० | ० | ० |
| १० | ६८६.९४ | ५७५.८१ | -१६.१८ | ३५४.५९ | ४४९.९६ | २६.९० | ६.५५ | २१.९४ | २३४.९६ | ५.४२ | ५.७८ | ६.६४ | ० | ० | - | ० | ० | ० |
| **जम्मा (हे.)** | **४२१५** | **३८०६.२** | **-९.७०** | **२८१४.२** | **२९१९.१** | **३.७३** | **५७.०५** | **२५२.९५** | **३४३.३८** | **१६८.७** | **१८१.९५** | **७.८८** | **२.०३** | **३०.१** | **१३८२.८** | **०** | **६.७२** | **-** |
| **जम्मा (वर्ग किमि)** | **४२.१५** | **३८.०६** | **-९.७०** | **२८.१४२** | **२९.१९१** | **३.७३** | **०.५७** | **२.५२९५** | **३४३.३८** | **१.६९** | **१.८२** | **७.८८** | **०.०२०३** | **०.३०१** | **१३८२.८** | **०** | **०.०६७** | **-** |
| **परिवर्तन (वर्ग किमि)** | **-४.०९** | | | **१.०४९** | | | **१.९५९** | | | **०.१३३** | | | **०.२८१** | | | **०.०६७** | | |
| **परिवर्तन %** | **-९.७०** | | | **३.७३** | | | **३४३.३८** | | | **७.८८** | | | **१३८२.७६** | | | **-** | | |







*नक्सा ४ सन् २००० देखि सन् २०२० सम्मको वडागत भुउपयोग परिवर्तनको अवस्था*

## २.४. सामाजिक अवस्था

### २.४.१. जातिगत तथा धार्मिक विविधता

यस नगरपालिकामा रहेका जम्मा ४,७५१ घरधुरीमा १०,४२८ महिला र ८,०९९ पुरुष गरी जम्मा १८,५२७ जनसङ्ख्या रहेको छ। यहाँ सबैभन्दा धेरै जनजाती (गुरुङ्ग, तामाङ्ग, नेवार, कुमाल र मगर) ३४.१३% रहेका छन् भने ब्राह्मण १८.७६%, क्षेत्री १६.०२%, र दलित २३.३२% रहेका छन्। यस नगरपालिकामा रहेको जातिगत जनसङ्ख्याको विवरण तालिका ६ मा देखाइएको छ।

*तालिका ६ राईनास नगरपालिकाको जातिगत जनसङ्ख्याको विवरण*

| जाती | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| गुरुङ्ग | ३,२२१ | १७.३९ |
| क्षेत्री | २,९६८ | १६.०२ |
| ब्राह्मण | ३,४७५ | १८.७६ |
| कामी | १,६४९ | ८.९० |
| तामाङ्ग | १,२११ | ६.५४ |
| सार्की | १,८७२ | १०.१० |
| दमाई | ८०० | ४.३२ |
| नेवार | ९०७ | ४.९० |
| घर्ती/भुजेल | ४७० | २.५४ |
| मगर | ३२६ | १.७६ |
| कुमाल | ६५६ | ३.५४ |
| ठकुरी | ३३७ | १.८२ |
| सन्यासी | २२१ | १.१९ |
| मुस्लिम | १८४ | ०.९९ |
| अन्य | २३० | १.२४ |
| **जम्मा** | १८,५२७ | १०० |

*स्रोत: राईनास नगरपालिकाको पार्श्वचित्र, २०७५*

राईनास नगरपालिकाको पार्श्वचित्र, २०७५ अनुसार यहाँ कूल जनसङ्ख्याको ७५.८१% हिन्दु, २३.३९% बौद्ध, ०.२१% ईस्लाम र ०.५८% इसाइ धर्मावलम्बीहरू रहेका छन्।

### २.४.२. शिक्षा

राईनास नगरपालिकाको विक्रम सम्वत् २०७५ सालसम्मको शैक्षिक अवस्था तालिका ७ मा प्रस्तुत गरिएको छ। समग्रमा यस नगरपालिकामा ७९% पुरुष र ६१% महिला साक्षर र बाँकी निरक्षर रहेका छन्। यहाँ साक्षर जनसङ्ख्यामा पनि उच्च शिक्षा अध्ययन गरेकाको भन्दा साधारण लेखपढ गर्नसक्नेको (प्रा.वि. तह) जनसङ्ख्या बढी रहेको छ।

*तालिका ७ राईनास नगरपालिकामा साक्षरताको अवस्था*

| लिङ्ग | प्रारम्भिक | प्रा.वि. (१-५) | नि.मा.वि. (६-८) | मा.वि. (९-१०) | उच्च शिक्षा (११-१२) | स्नातक | स्नातकोत्तर | अन्य | अनौपचारिक | नखुलेको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २४५ | २,५६२ | १,३१८ | ६२९ | ७६९ | ११० | २० | २ | २५४ | ६ | ५,९१५ |
| महिला | २२२ | २,६१७ | १,५६१ | ५७२ | ६७८ | ४६ | १२ | ५ | ३९२ | ९ | ६,११४ |
| जम्मा | ४६७ | ५,१७९ | २,८७९ | १,२०१ | १,४४७ | १५६ | ३२ | ७ | ६४६ | १५ | १२,०२९ |

*स्रोत: राईनास नगरपालिकाको पार्श्वचित्र, २०७५*

### २.४.३. लैङ्गिक तथा सामाजिक समावेशीकरण

यस नगरपालिकामा पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी रहेको छ । महिलाको जनसङ्ख्या ५६% र पुरुषको जनसङ्ख्या ४४% रहेको छ । पछिल्लो समयमा महिला तथा पुरुषका बीचमा हुने विभेद कम भएको भएता पनि छलफल तथा अन्तरक्रियाहरूमा महिलाको उपस्थिती पुरुषको तुलनामा कम रहेको थियो । यस नगरँपालिकामा जातिगत विभेद कायमै रहे पनि यो क्रमिक रूपमा घट्दै गएको छ । नगरपालिका, स्थानीय गैह्रसरकारी सङ्घसंस्था, समुदायमा आधारित सङ्घसंस्था (जस्तै सामुदायिक वन उपभोक्ता समूह) तथा स्थानीयस्तरका अन्य समूहहरू (जस्तै महिला समूह, युवा समूह आदि)मा दलित, जनजाति, महिला, तथा गरिब सबैको सहभागिता, उपस्थिती, पहुँच तथा नियन्त्रण पहिलाको भन्दा तुलनात्मक रूपमा वृद्धि भएको छ ।

## २.५. आर्थिक अवस्था

### २.५.१. आर्थिक रूपमा सक्रिय र आश्रित जनसङ्ख्या

१५ वर्षदेखि ५९ वर्षसम्मको जनसङ्ख्यालाई आर्थिक रूपमा सक्रिय जनसङ्ख्या मानिएको छ । यस नगरपालिकाको जम्मा जनसङ्ख्याको ५५.०७% जनसङ्ख्या (महिला ५८.९८% र पुरुष ५०.०५%) आर्थिक क्रियाकलापमा सक्रिय रहेको छ । ४४.९२% जनसङ्ख्या आर्थिक रूपमा अरूमा आश्रित रहेको छ । आश्रित जनसङ्ख्यामा बालबालिका ३१.९८% र वृद्धवृद्धा १२.९४% रहेका छन् । राईनास नगरपालिकामा आर्थिक रूपले सक्रिय र आश्रित जनसङ्ख्याको विवरण तालिका ८ मा देखाइएको छ ।

*तालिका ८ आर्थिक रूपले सक्रिय र आश्रित जनसङ्ख्याको विवरण*

| आर्थिक रूपमा सक्रिय | | | | | | आर्थिक रूपमा आश्रित | | | | | | जम्मा जनसङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | | पुरुष | | जम्मा | | बालबालिका | | वृद्धवृद्धा | | जम्मा | | महिला | पुरुष | जम्मा |
| सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | | | |
| ६१५० | ५८.९८ | ४०५४ | ५०.०५ | १०२०४ | ५५.०७ | ५९२५ | ३१.९८ | २३९८ | १२.९४ | ८३२३ | ४४.९२ | १०४२८ | ८०९९ | १८५२७ |

*स्रोत: राईनास नगरपालिकाको पार्श्वचित्र, २०७५*

### २.५.२. कृषि तथा खेती प्रणाली

यस नगरपालिकाका अधिकांश घरधुरी कृषि पेशामा संलग्न रहेका छन् र जीविकोपार्जनको प्रमुख स्रोत निर्वाहमुखी खेती प्रणाली नै रही आएको छ । यहाँका ३७.३२% जनसङ्ख्याको प्रमुख आम्दानीको स्रोत कृषि रहेको छ । थोरै जनसङ्ख्या भने व्यापार, रोजगारी र अन्य पेशामा संलग्न रहेका छन् ।

कृषिका दृष्टिकोणले यस नगरपालिका अत्यन्तै उर्वर रहेको छ । यस नगरपालिकामा रहेका प्रमुख बालीहरूमा मकै, धान, कोदो, गहुँ, तरकारीहरू, आलु, तोरी, मुसुरो आदि रहेका छन् । व्यवसायिक खेतीका लागि तार्कुघाटका फाँटहरू, राईनासटार, कैनिटार, तीनपीप्ले, अल्काटार, ढम्के, टिमुरे, टारी, खरखरे, रयले, ढाँड साथै आसपासका फाँटहरू उपयुक्त रहेका छन् । तरकारी र अन्नबालीका लागि चेपे र मर्स्याङ्गदी नदी आसपासका फाँटहरू तथा फलफूल,

जैविक तरकारी, जडीबुटी र पशुपालनको लागि माथिल्लो पहाडी भाग उपयुक्त रहेका छन् । स्थानीय कृषिमा यान्त्रिकीकरण तथा लामो समयदेखि व्यवसायीकरण हुन नसक्नु यहाँका प्रमुख कृषि समस्या रहेका छन् ।

यस नगरपालिकामा अन्नबाली, तरकारी तथा फलफूलमा विभिन्न प्रकारका **बालीरोगहरू** देखा परेका छन् । यी रोगहरू कतिपय पछिल्लो समय देखापरेका हुन् भने कतिपय पहिलादेखि रहेका भएतापनि पछिल्लो समय यिनीहरूको असर तथा प्रकोप बढेको छ । हाल जलवायुका प्रतिकूल असरहरूले गर्दा उत्पादन पनि उल्लेखनीय रुपमा घटेको छ । खडेरी र पहिरो यहाँका प्रमुख जलवायुजन्य प्रकोप हुन्, जसले मौसमी तथा बेमौसमी कृषिबालीमा उल्लेख्य असर पारेको छ । यस्ता समस्यासँग जुध्नका लागि यस नगरपालिकामा तीन कृषि समूह तथा एक पशु सेवा केन्द्र रहेका छन् । तोराङ्ग र सुनौलो कृषि समूह वडा १ मा रहेका छन् भने नगर कृषि सेवा केन्द्र र पशु सेवा केन्द्र वडा ५ मा रहेका छन् ।

### २.५.३. पशुपालन

राईनास नगरपालिकाको पार्श्वचित्र, २०७५ अनुसार यस नगरपालिकामा करिब १.९३% जनसङ्ख्याको प्रमुख आय स्रोत पशुपालन रहेको छ । यहाँ बाखा, कुखुरा, भेँडा, भैँसी, गाई, गोरु आदि जस्ता पशुपक्षीहरू घरायसी तथा व्यवसायिक रूपमा पालिदैँ आएका छन् । पछिल्लो समय खेती उत्पादन कम हुँदै गएपछि मानिसहरू पशुपालनमा आकर्षित हुने क्रम पनि बढेको छ । यद्यपि यो व्यवसायिक रुपमा अघि बढ्न सकेको देखिदैन । यस नगरपालिकामा रहेका पशुधनको विवरण तालिका ९ मा देखाइएको छ ।

*तालिका ९ पशुपक्षीको विवरण*

| क्र.सं. | पशुपक्षीको नाम | जम्मा सङ्ख्या |
|---|---|---|
| १ | गाई, गोरु | १८३ |
| २ | भैँसी, राँगा | ८५४ |
| ३ | बोका, खसी, बाखा | ७५० |
| ४ | कुखुरा | १५०० |
| ५ | अन्य (खच्चड आदि) | ५० |

### २.५.४. घरको बनोट

यस नगरपालिकाको पार्श्वचित्र, २०७५ अनुसार जम्मा ४७५१ घरधुरी मध्ये ४३४७ वटा घर ढुङ्गा र माटोबाट बनेका छन् भने १६० वटा घर सिमेन्टले बनेका छन् । त्यसैगरी यस नगरपालिकामा २०६ वटा घरहरू काठले बनेका छन् भने ५ वटा घरहरू अन्य स्रोतले बनेका छन् । ३३ वटा घरको भने बनावट खुलाइएको छैन ।

### २.५.५. व्यापारिक तथा बजारकेन्द्रहरू

बोराङ्ग खोला बजार, टिमुरे जेठाक, सातबीसे बजार, तीनपीप्ले बजार, गरमबेंशी, तार्कुघाट राईनास नगरपालिकाका प्रमुख व्यापारिक केन्द्रहरू हुन् । त्यसैगरी धमिलिकुवा, भलायाखर्क, पाँचभाइ चौतारी, स्याउली, अल्काटार, कुण्डुले र बोराङ्ग बिस्तारै व्यापारिक केन्द्रमा परिणत भइरहेका छन् । यी बजार तथा व्यापारिक केन्द्रहरूमा दैनिक उपभोग्य सामग्रीहरूका साथै किसानहरूले आफ्ना कृषि उपजहरूको बिक्री गर्दछन् ।

## २.६. प्राकृतिक स्रोतको अवस्था

### २.६.१. वन

यस नगरपालिकाको कूल क्षेत्रफलमध्ये २५८८.५१ हेक्टर (३५.४६%) वन क्षेत्रले ढाकिएको छ। यहाँ रहेका विभिन्न प्रकारका वनहरूमा विभिन्न प्रकारका वनस्पतिहरू पाइन्छन्। यस नगरपालिकामा मुख्य गरी साल, खयर, सिसौ, हर्रो, बर्रो, सल्ला, चिलाउने, उत्तीस, गुँरास, काफल, काउलो, दार, खस्रु, पैंयु, कोइरालो, दुदिलो, कुटमेरो, कटुस, चिउरी, लप्सी, बोटधयरो, खनिउँ, फलाट, निभारो, जामुन, क्यामुन, बाँझ, गोगन, बडहर, भीमसेन पाती, अँगेरी, रुदिलो, टुनी, सान्दन, तिजु, आदि रुख प्रजाति पाइन्छन्। तालिका १० मा देखिए अनुरूपका ३२ वटा सामुदायिक वनले कृषकहरूलाई आवश्यक पर्ने वन पैदावारको आपूर्तिमा महत्वपूर्ण योगदान पनि पुऱ्याइरहेका छन्।

*तालिका १० सामुदायिक वनहरूको विवरण*

| क्र.सं. | सामुदायिक वनको नाम | क्षेत्रफल |
|---|---|---|
| १ | रानीवन, भलायखर्क | ३४.२५ |
| २ | ओडालपाटो, भलायखर्क | १४ |
| ३ | काप्रेचौर, भलायखर्क | ५४.१५ |
| ४ | सूर्योदय, भलायखर्क | ३१.७८ |
| ५ | सतीदेवी, भलायखर्क | १३६.४५ |
| ६ | डुन्डुरे धानपाखा, भलायखर्क | १६.२५ |
| ७ | पाँगते, प्यार्जुङ्ग | ४०.५४ |
| ८ | लामागाँउ, प्यार्जुङ्ग | ५७.५४ |
| ९ | साम्लेकोट, प्यार्जुङ्ग | ५४.४३ |
| १० | मण्डली, प्यार्जुङ्ग | १६.१ |
| ११ | सानीपोखरी, प्यार्जुङ्ग | २१.४७ |
| १२ | शीलापत्थर, प्यार्जुङ्ग | ७.२६ |
| १३ | मणीचक्र, प्यार्जुङ्ग | १७.२४ |
| १४ | चक्रतीर्थ | ६४.५५ |
| १५ | देउराली, चक्रतीर्थ | ३७.९१ |
| १६ | झाँक्रीथान, चक्रतीर्थ | ११९.८५ |
| १७ | आँपचौर, धमिलीकुवा | १२२.५ |
| १८ | लुपुगाँउ, धमिलीकुवा | १३७.१९ |
| १९ | सालफेदी, धमिलीकुवा | २१.११ |
| २० | सिमलचौर रानीघाट, धमिलीकुवा | ६१.८४ |
| २१ | गरमबेंशी, धमिलीकुवा | २३.५५ |
| २२ | चम्पावती, धमिलीकुवा | ३७.७ |
| २३ | गौरीटार, धमिलीकुवा | २८.१४ |
| २४ | श्री मर्स्याङ्दी, माझीगाँउ | |
| २५ | श्री कटहरबारी, हर्राबोट | |
| २६ | श्री नवज्योती, हर्राबोट | |
| २७ | श्री कालिका, शिखा | |
| २८ | श्री अन्नपूर्ण, शिखा | |
| २९ | श्री तलेजु, शिखा | |
| ३० | महादेव, शिखा | |
| ३१ | श्री पीपलाटारी, पीपलटार | |
| ३२ | कालामाटा, तार्कुघाट | |

### २.६.२. वन्यजन्तु

यस नगरपालिकामा विभिन्न प्रजातिका स्तनधारी वन्यजन्तुहरू पाइन्छन् । तिनीहरूमा फ्याउरो, चितुवा, भालु, स्याल, बाँदर, रतुवा, दुम्सी, लोखर्के, जङ्गली बिरालो आदि मुख्य हुन् । काग, चील, लाटोकोसेरो, राजहाँस, बकुल्ला आदि यहाँका मुख्य चराचुरुङ्गी हुन् । त्यसैगरी यहाँ छेपारो, सर्प आदि सरीसृप पाइन्छन् ।

पछिल्लो समय यहाँका किसानहरूले आफ्नो खेतबारी बाँझो राखेका कारण तहाँ वन हुन गएको छ । जसका कारण पछिल्ला दिनहरूमा वन्यजन्तुहरू (खास गरी बाँदर र दुम्सी) बस्ती तथा खेतीपातीमा प्रवेश गर्ने क्रम बढेको छ । यस नगरपालिकाका किसानहरूका लागि यसरी वन्यजन्तु बस्ती तथा खेतीमा आउनु एक प्रमुख समस्याको रूपमा रहेको छ ।

### २.६.३. नदीनाला, ताल तथा पोखरीहरू

यस नगरपालिकाका मुख्य नदीहरूमा मर्स्याङ्गदी, चेपे र तार्ते रहेका छन् । यी ठूला नदीहरूबाहेक ढाँड, भैँसी, लुपु, सातबीसे, तीनपीप्ले, सिम्ले, स्याली र बोराङ्ग यहाँका स्थानीय खोलाहरू रहेका छन् । त्यसैगरी ऐतिहासिक तथा धार्मिक दूधपोखरी पनि यही नगरपालिकामा रहेको छ ।

### २.६.४. सिँचाई

यस राईनास नगरपालिका क्षेत्रमा सिँचाइको प्रमुख स्रोतका रूपमा राईनासटार सिँचाई आयोजना रहेको छ । यस आयोजनाबाट करिब ८०० हेक्टर जमिन सिञ्चित भएको छ । यो बाहेक २.६.३ मा उल्लिखित स्थानीय खोलाहरूको प्रयोग गरेर अधिकांश भूभाग सिञ्चित गर्न सकिने बलियो सम्भावना देखिन्छ । तालिका ११ मा हाल प्रयोग भइरहेका सिँचाईका स्रोतहरू उल्लेख गरिएको छ ।

*तालिका ११ सिँचाइका स्रोतहरू*

| सिँचाइको स्रोत | वडा |
|---|---|
| राईनास नहर | १ |
| सोतीबगर कुलो | १ |
| जेटब कुलो | १ |
| थुमपरी सिँचाई | १ |
| मसार कुलो | १ |
| राईनास दार सिँचाई | २ |
| तीनतले सिँचाई योजना | २ |
| भलायखर्क सिँचाई | २ |
| नौबिसे कुलो | ३ |
| घलेटा कुलो | ३ |
| बिरैता कुलो | ३ |
| चेबो सिँचाई | ४ |
| राईनासटार सिँचाई आयोजना | ६ |
| तार्दीखोला सिँचाई आयोजना | ८ |
| कुलो | ९ |

*स्रोत: राईनास नगरपालिकाको पार्श्वचित्र, २०७५*

## २.७. भौतिक विकास

यस नगरपालिकाको ९८.५९ प्रतिशत घरधुरीमा बिजुली पुगेको छ भने ०.५३ प्रतिशत घरधुरीले सोलारको प्रयोग गर्ने गरेका छन् ।

यस नगरपालिकाभित्र मध्यपहाडी राजमार्गको करिब १३ कि.मि. सडक खण्ड रहेको छ । उक्त खण्ड हाल कालोपत्रेको चरणमा पुगेको छ । नगरपालिकाका सबै वडा केन्द्रसम्म मोटरबाटो पुगेको छ । तुरतुरे बजारदेखि बोराङ्ग खोला

करिब २० कि.मि., नेपालडाँडाबाट बोराङ्ग खोला करिब १७ कि.मि. र बैंसजङ्घार बजारबाट बोराङ्ग खोला पुग्ने मुख्य सडकहरू पक्की सडकमा रूपान्तरण हुने क्रममा रहेका छन् । त्यसबाहेक डुम्रेदेखि तुरतुरे बजार १० कि.मि., तुरतुरेदेखि नेपालडाँडा करिब ५ कि.मि., नेपालडाँडादेखि तार्कुघाट १ कि.मि., तुरतुरेदेखि चेपेघाट करिब ४ कि.मि., चेपेघाटदेखि बोराङ्ग खोला करिब १६ कि.मि., डुम्रेदेखि बेंशीसहर करिब ४२ कि.मि., बोराङ्ग खोलादेखि बेंशीसहर करिब ४२ कि.मि. भित्री सडकहरू पनि स्तरोन्नतिका्‍ क्रममा रहेका छन् । नगरपालिकामा रहेका अन्य सडकहरूको विवरण तालिका १२ मा दिइएको छ ।

*तालिका १२ सडकहरूको विवरण*

| क्र.सं. | सडकको नाम/अवस्थिति | लम्बाई (कि.मि.) |
|---|---|---|
| १ | चेपेघाट-धमिलेकुवा-बोराङ्ग खोला-दूधपोखरी | ४७ |
| २ | हर्राबोट-लुपुगाँउ-आँपचौर-बोराङ्ग गाँउ-पन्थीडाँडा-प्यार्जुङ्ग | ३१ |
| ३ | स्याउली-लुपुगाँउ-राईनासकोट | ७ |
| ४ | बोराङ्ग खोला-प्यार्जुङ्ग | ८ |
| ५ | भैरवस्थान-कुडुले-सीमघारी-प्यार्जुङ्ग | ६ |
| ६ | तार्कुघाट-मोहरियाकोट-प्यार्जुङ्ग-दूधपोखरी | ४७ |
| ७ | हर्राबोट-लुपुगाँउ-आँपचौर-पन्थीडाँडा-प्यार्जुङ्ग | ३१ |
| ८ | चेपेघाट-बोराङ्ग खोला | २१ |
| ९ | चक्रतीर्थ मन्दिर राईनासकोट | ११ |
| १० | टिमुरे-चक्रतीर्थ | ११ |
| ११ | तीनपीप्ले-कुमालगाँउ | ३१ |

स्थानीय जनतालाई शिक्षामा सहज पँहुच पुऱ्याउनको लागि यस नगरपालिकामा जम्मा २३ ओटा आधारभूत र १७ वटा माध्यमिक/उच्च माध्यमिक/क्याम्पस गरी जम्मा ४० वटा औपचारिक शैक्षिक संस्थाहरू रहेका छन् । यस नगरपालिकामा रहेका शैक्षिक संस्थाहरूको विवरण तालिका १३ मा दिइएको छ ।

*तालिका १३ विद्यालयहरूको विवरण*

| विद्यालयको प्रकार | जम्मा |
|---|---|
| आधारभूत | २३ |
| माध्यमिक तथा उच्च माध्यमिक | १७ |
| **कूल जम्मा** | **४०** |

यस नगरपालिकामा जम्मा एक अस्पताल, र ८ वटा स्वास्थ्य संस्थाहरू रहेका छन् (तालिका १४) ।

*तालिका १४ स्वास्थ्य संस्थाहरूको विवरण*

| स्वास्थ्य संस्थाको नाम | सङ्ख्या |
|---|---|
| स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकी | ६ |
| अस्पताल | १ |
| आर्युवेद स्वास्थ्य केन्द्र | २ |
| **जम्मा** | **९** |

राईनास नगरपालिकाको पार्श्वचित्र, २०७५ अनुसार यस नगरपालिकाका ३,९६३ घरधुरीले धारा, ८ घरधुरीले कलधारा, ४० घरधुरीले इनार, २५२ घरधुरीले कुवा, ४१५ घरधुरीले मुहान, ४९ घरधुरीले खोला र २ घरधुरीले अन्य स्रोतलाई खानेपानीको मुख्य स्रोतको रूपमा प्रयोग गर्दै आएका छन् ।

हाल खाना पकाउनको लागि अधिकांश घरधुरीहरू दाउरा र जैविक ग्याँसको प्रयोग गर्दछन् भने केही घरधुरीहरू ग्याँसको प्रयोग गर्दछन् ।

यस गाउँपालिकामा विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन् (तालिका १५) । यी स्थलहरूको संरक्षण, सम्बर्धन तथा प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटन बढाउन सकिन्छ ।

*तालिका १५ धार्मिक तथा पर्यटकीय स्थलहरू*

| क.सं. | धार्मिक स्थल | पर्यटकीय स्थल |
|---|---|---|
| १ | धमिलीकुवा मन्दिर | राईनासकोट |
| २ | राम मन्दिर, धमिलीकुवा | लिगलिगकोट |
| ३ | चक्रतीर्थ मन्दिर | मोहरियाकोट |
| ४ | कालिका मन्दिर, भलायाखर्क | साहसिक पर्यटनका लागि उपयुक्त ठाउँहरू |
| ५ | प्यार्जुङ्ग गोरखनाथ मन्दिर | जल मनोरञ्जनका लागि सम्भावित क्षेत्रहरू |
| ६ | सिद्धबाबा मन्दिर, मोहरियाकोट | |
| ७ | राईनासकोट मन्दिर, मोहरियाकोट | |
| ८ | मस्जिद | |
| ९ | देवा छाम्बो गुम्बा, स्याउली, धमिलीकुवा | |
| १० | राईनास पिस चर्च, धमिलीकुवा | |

# परिच्छेद ३ जलवायु परिवर्तन तथा प्रकोपको अवस्था

## ३.१. तापक्रम तथा वर्षाको अवस्था

यो नगरपालिका पहाडी लमजुङ्ग जिल्लामा पर्ने भएकोले यहाँ शीतोष्ण प्रकारको मौसमी अवस्था देखिन्छ । यस नगरपालिकामा वर्षा तथा तापक्रमको अवस्था मापन गर्ने केन्द्र नभएकोल खुदीबजारमा राखिएको केन्दबाट तापक्रम तथा बन्दीपुर, खुदीबजार, र राईनासटारका केन्दहरूबाट वर्षाको तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ । यस नगरपालिकाको पछिल्लो ३० वर्षको तापक्रम तथा वर्षाको मासिक प्रवृत्ति चित्र ३ मा देखाइएको छ ।




*चित्र ३ विगत ३० वर्षको तापक्रम तथा वर्षाको औसत मासिक प्रवृत्ति*

## ३.२. तापक्रम परिवर्तनको क्रम र प्रवृत्ति विश्लेषण

यस नगरपालिकामा विगत ३० वर्षको औसत अधिकतम तापक्रम २७.८ डिग्री सेल्सियस र औसत न्यूनतम तापक्रम १५.९ डिग्री सेल्सियस रहेको छ (चित्र ४) । यहाँको हालसम्मको उच्चतम तापक्रम ३८.४ डिग्री सेन्टिग्रेड अभिलेखमा रहेको छ भने न्यूनतम तापक्रम ५.९ डिग्री सेन्टिग्रेड मापन गरिएको छ । यसको अर्थ यहाँ बैशाख, जेष्ठ, आषाढ, श्रावण तथा भाद्र जस्ता गर्मी महिनामा बढी गर्मी तथा पुष, माघ, फागुन जस्ता जाडो महिनामा चिसो हुने गरेको छ । समग्रमा हेर्दा यस नगरपालिकामा औसत वार्षिक अधिकतम तथा न्यूनतम तापक्रम नगण्य मात्रामा बढिरहेको देखिन्छ ।




*चित्र ४ राईनास नगरपालिकाको वि.सं. २०४८ देखि २०७७ सम्मको तापक्रम प्रवृत्ति*

## ३.३. वर्षा परिवर्तनको क्रम र प्रवृत्ति विश्लेषण

मनसुनी वर्षा हुने भएकाले अधिकांश पानी मनसुनी मौसम सुरु भएपछि (असारदेखि भाद्रसम्म) पर्दछ। यहाँ करिब पाँच भाग वर्षाको चार भाग यही मनसुनी मौसममा पर्दछ भने हिँउदमा एकदम न्यून पानी पर्दछ।

यसैगरी चित्र ५ मा देखाइए झैँ यहाँ विगत ३० वर्षको वर्षाको तथ्याङ्कलाई हेर्दा वर्षभरिमा औसत २४३९.८४ मिलिमिटर पानी पर्ने गरेको पाइन्छ (अधिकतम २०७६ सालमा ३२३१.६७ मिलिमिटर र न्यूनतम २०७१ सालमा १६३०.१ मिलिमिटर)। तर यस अवधिमा वर्षा भने घटिरहेको देखिन्छ।




*चित्र ५ राईनास नगरपालिकाको वि.सं. २०४८ देखि २०७७ सम्मको वर्षा प्रवृत्ति*

## ३.४. परिवर्तित प्रकोप तथा मौसमी पात्रो

स्थानीय मौसम र मौसमी अवस्था, बाली तथा प्रकोपमा आएको परिवर्तनबारे जानकारी हासिल गर्न परिवर्तित प्रकोप तथा मौसमी पात्रो विधिको प्रयोग गरिएको थियो । समुदायका ज्येष्ठ नागरिक, बुद्धिजीवीहरूसँगको छलफलबाट जलवायु सम्बन्धी जानकारी विवरणका आधारमा तापक्रम, वर्षाको स्वरूप, बिरुवाको व्यवहार, प्रकोपको स्वरूप आदिमा आधारित रहेर यो पात्रो तयार गरिएको थियो । मौसमी पात्रो सम्बन्धी जानकारी हासिल गर्न विगतको करिब ३० वर्ष पहिले र हालको अवस्थामा तुलनात्मक अध्ययन गरी प्रकोप, तापक्रम, बाली आदिको समयमा परिवर्तन आएको वा नआएको कुरा विश्लेषण गरिएको थियो । राईनास नगरपालिकामा तयार पारिएको परिवर्तित प्रकोप तथा मौसमी पात्रो तालिका १६ मा उल्लेख गरिएको छ ।

*तालिका १६ परिवर्तित मौसमी पात्रो*

| क्षेत्र | सूचक | समय | वैशाख | ज्येष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तापक्रम | गर्मीको दिन | पहिले | **** | **** | **** | **** | ** | | | | | | | ** | गर्मी हुने समय २ महिनाले बढेको र गर्मीको मात्रा पनि बढेको । लामखुट्टे लाग्न लागेको । |
| | | अहिले | **** | **** | **** | **** | **** | ** | | | | | **** | **** | |
| | जाडोको दिन | पहिले | | | | | | | * | ** | **** | **** | ** | | जाडोका दिन २ महिनाले घटेको साथै अत्यधिक जाडो हुने समय पनि घटेको । |
| | | अहिले | | | | | | | | ** | **** | **** | | | |
| वर्षा तथा यसको स्वरुप | मौसमी वर्षा | पहिले | * | ** | **** | **** | **** | **** | * | | | | | | वर्षे बर्षा २ महिनाले घटेर १ महिनाले पछि सरेको साथै हाल पहिलेको जस्तो साउने भदौरे झरी पर्न छाडेको तर छोटो समयमा ठूलो वर्षा हुने गरेको । |
| | | अहिले | | * | *** | **** | *** | ** | | | | | | | |
| | हिउँदे वर्षा | पहिले | | | | | | | **** | | | *** | *** | | हाल हिउँदे वर्षा कम मात्रामा हुने गरेको, २०५४ सालमा ठूलो पानी परेको । हिउँ कहिलेकाहीँ मात्र पर्छ |
| | | अहिले | | | | | | | | | | * | | | |
| | तुसारो | पहिले | | | | | | | | *** | **** | **** | *** | | तुसारो पर्ने दिनहरू घटेको तथा मात्रा पनि घटेको । |
| | | अहिले | | | | | | | | | ** | ** | * | | |
| बिरुवाको व्यवहार | फूल फूल्ने | पहिले | | | | | | | | | | | **** | | गुराँस फूल्ने समय अगाडि सरेको । त्यसैगरी फलफूलहरू फूल्ने समय अगाडी सरेको । |
| | | अहिले | | | | | | | | | | **** | | | |
| | बिरुवाको बानी | पहिले | * | * | * | * | * | * | * | * | * | * | * | * | बिरुवा (खासगरी साल) पहिले भन्दा माथिल्लो उचाइमा उम्रन थालेको । खुर्पाने बाह्रमासे भएको |
| | | अहिले | * | * | * | * | * | * | * | * | * | * | * | * | |
| प्रकोपको स्वरुप | खडेरी | पहिले | **** | | | | | | | | | | **** | **** | पहिले खडेरीको समस्या कम थियो । हिउँदे वर्षा हुन्थ्यो तर हाल वनमा डढेलो बढी लाग्ने गरेको र पानीका मुहानहरू सुक्दै गएको । |
| | | अहिले | **** | *** | | | | | | | | *** | **** | **** | |
| | बाढी पहिरो, नदी कटान तथा डुवान | पहिले | | | | **** | **** | | | | | | | | असारमा बाढी पहिरो, नदि कटान तथा डुवान बढी हुने र अहिले छोटो समयमा ठूलो पानी पर्ने गरेको पहिले जस्तो १५/२० दिन निरन्तर पानी नपर्ने । |
| | | अहिले | | | ** | **** | **** | * | | | | | | | |
| | असिनापानी तथा चट्याङ | पहिले | * | * | | | | | | | | | * | * | खासै परिवर्तन नभएको । |
| | | अहिले | * | * | | | | | | | | | * | * | |
| जीविकोपार्जनका क्रियाकलापहरू | गहुँ (छर्ने र भित्र्याउने) | पहिले | **** | | | | | | **** | | | | | | हिउँदे वर्षा कम हुने गरेकोले गहुँ लगाउने र भित्र्याउने समय फरक पर्ने गरेको |
| | | अहिले | ** | | | | ** | ** | | | | | | ** | |
| | मकै (छर्ने र भित्र्याउने) | पहिले | ** | **** | | ** | | | | | | | | ** | नयाँ प्रजातिका मकैको उपलब्धता भएकोले मकै लगाउने समयमा खासै परिवर्तन आएको छैन । |
| | | अहिले | ** | ** | ** | ** | | | | | | | | ** | |
| | बालीमा लाग्ने रोग | पहिले | ** | ** | ** | ** | | | | | | | | ** | पहिले बालीमा सामान्य रोगहरू थिए भने शंखेकीरा थिएनन् । हाल फौजी कीराको प्रकोप देखिएको । |
| | | अहिले | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | |
| | पशुपक्षीमा लाग्ने रोग | पहिले | | | | | | | | | | | | | पहिले पशुपक्षीमा नाम्ले जस्ता रोगहरू देखिन्थे भने अहिले ज्वरो आउने, घुमाउने, झाडा लाग्ने जस्ता रोग देखिने गरेका छन् । |
| | | अहिले | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | |
| | धानको बीऊ राख्ने समय | पहिले | **** | | | | | | | | | | | | खडेरी तथा नयाँ प्रजातिको बीऊ आएसँगै बीऊ राख्ने समयमा १ महिना ढिलो भएको, तर धान रोप्ने समयमा परिवर्तन आएको छैन । |
| | | अहिले | | **** | | | | | | | | | | | |
| | नोट : पहिले भन्नाले ३० वर्ष भन्दा अगाडि र अहिले भन्नाले विगत ५ वर्षदेखि यताको समय सम्झनु पर्छ । | | | | | | | | | | | | | | |

## ३.५. प्रकोपहरूको पहिचान तथा स्तरीकरण

नगरपालिकास्तरीय रूपमा सञ्चालन गरिएको अन्तक्रिया कार्यक्रममा यस नगरपालिकाले भोगिरहेको दशवटा जलवायुजन्य प्रकोपहरू पहिचान गरी तिनीहरूले पारिरहेको असरका तथा प्रभावका आधारमा मान प्रदान गरिएको छ (तालिका १७)। प्रकोपको असर नभएमा ०, सबैभन्दा कम असर गर्ने प्रकोपका लागि मान १ र सबैभन्दा बढी असर गर्ने प्रकोपका लागि मान १० प्रदान गर्दा यहाँ पहिरो सबैभन्दा ठूलो प्रकोप रहेको देखिन आएको छ। दोस्रो र तेस्रो प्रकोपमा क्रमशः खडेरी र पशुरोग रहेका छन्। चौथोस्तरको प्रकोप मिचाहाझार रहेको छ भने त्यसपछि पहिरो, भू-क्षय, आगलागी, हावाहुरी, मानवरोग, बाढी, चट्याङ रहेका छन्। प्रकोपको जोखिमका आधारमा वडा ६ सबैभन्दा बढी र वडा ९ सबैभन्दा कम जोखिममा रहेको देखिन्छ।

*तालिका १७ प्रकोपहरूको स्तरीकरण*

| प्रकोपहरू | वडागत प्रकोपको मान | | | | | | | | | | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ | वडा १० | जम्मा | |
| पहिरो | १० | १० | ५ | ८ | ४ | ८ | ७ | ६ | ८ | ७ | ७३ | पहिलो |
| बाली रोग | ५ | ३ | ६ | ७ | ५ | ६ | ७ | ५ | ६ | ६ | ५६ | दोस्रो |
| बाढी/नदी कटान | ५ | ५ | ८ | ७ | ६ | ८ | ७ | ६ | ३ | ० | ५५ | तेस्रो |
| मिचाहा झार | ८ | ५ | ४ | ६ | ४ | ४ | ६ | ३ | ३ | ५ | ४८ | चौथो |
| पशु रोग | २ | ३ | ४ | ५ | ७ | ७ | ५ | २ | ५ | ७ | ४७ | पाँचौ |
| आगलागी | ४ | ७ | ५ | ३ | ३ | ५ | ३ | ४ | ५ | ५ | ४४ | छैठौं |
| मानव रोग | ४ | ३ | ४ | ५ | ५ | ५ | ५ | ३ | ५ | ५ | ४४ | छैठौं |
| हावाहुरी | ६ | ३ | ३ | ४ | ३ | ५ | ६ | ४ | ३ | ५ | ४२ | सातौं |
| खडेरी | ५ | ५ | ३ | ४ | ५ | ५ | ५ | २ | ३ | २ | ३९ | आठौं |
| चट्याङ | २ | ४ | २ | ३ | ३ | ५ | २ | १ | २ | ४ | २८ | नवौ |
| **जम्मा** | २१ | २२ | २२ | २२ | २० | २८ | २३ | १८ | १८ | १९ | | |
| **स्तर** | **तेस्रो** | **चौथो** | **चौथो** | **चौथो** | **पाँचौ** | **पहिलो** | **दोस्रो** | **सातौ** | **सातौ** | **छैठौं** | | |

### ३.५.१. पहिरोको अवस्था

यस नगरपालिकाको मुख्य तथा सबैभन्दा बढी असर पार्ने जलवायुजन्य प्रकोपको रूपमा पहिरो देखिएको छ। वडा स्तरीय छलफलका क्रममा वि.सं. २०११ सालदेखि पहिरोले पुऱ्याएको क्षति विवरण तालिका १८को ऐतिहासिक समयरेखामा राखिएको छ। भौगोलिक नक्सा (नक्सा ५) अनुसार पहिरोको उच्च जोखिम क्षेत्र उल्लेखनीय रहेको देखिन्छ। मध्यम जोखिम अर्न्तगत वडा २ को तीनघरे, वडा ३ को गौडागाउँ र रिमीडाँडा, वडा ४ को उत्तरी तथा मध्य भाग, वडा ५ को चिसापानी, वडा ६ मानेडाँडा, गैरीगाउँ र आँपचौर, वडा ७ को दक्षिणी सिमाना र नारीनघाट, तथा वडा ८ को सुब्बाथोक, न्यौपानेडाँडा र शिखा रहेका छन्। अन्य भाग पहिरो न्यून जोखिममा पर्दछन्।




*नक्सा ५ राईनास नगरपालिकाको पहिरो जोखिम विश्लेषण नक्सा*

### ३.५.२. बाली रोग

यस नगरपालिकाको दोस्रो मुख्य प्रकोप बाली रोग रहेको छ। यसको असर सबै वडामा रहेको छ। धानमा खपटे कीरा, मकैमा गबरा आदि जस्ता कृषि रोगका कारण १० देखि १५ प्रतिशत उत्पादन घटेको छ। उन्नत जातको धानमा मरुवा, डडुवा, जरा कुहिने, बेरुवा, पात बेरिने, पतेरो जस्ता प्रकोप विगत १०/१२ वर्षदेखि देखिदैं आएको छ। मकैमा घोगा कुहिने, कीरा लाग्ने, फौजी कीरा लाग्ने रोग देखिएको छ। सुन्तला, अमिलो र कागतीमा ५/७ वर्षदेखि कीरा लाग्ने गरेकोले धरै जसो किसानले उत्पादन गर्न छाडेका छन्। यस नगरपालिकामा पराम्परागत रूपमा खेतीपाती गरिएका धैरै प्रजातिहरू हाल लोप भइसकेका छन् भने कतिपय लोप हुने अवस्थामा पुगेका छन्।

### ३.५.३. बाढी/नदीकटान

यस नगरपालिकाको तेस्रो ठूलो जलवायुजन्य प्रकोपको रूपमा बाढी तथा नदी कटान रहेको छ। वडास्तरीय छलफलका क्रममा वि.सं. २०११ सालदेखि बाढीले पुऱ्याएको क्षति विवरण तालिका १८को ऐतिहासिक समयरेखामा राखिएको छ। भौगोलिक नक्सा (नक्सा ६) अनुरूप नगरपालिकाको पुरै सिमाना, वडा १ र २ को सिमाना, वडा ३ र ४ को दक्षिणी सिमाना, वडा ४ र ६ को दक्षिणी सिमाना, वडा ६ र ८ को दक्षिणी सिमानामा बाढीको उच्च तथा मध्यम जोखिम रहेको छ। अन्य खोला तथा खोल्सा वरिपरि पनि उच्च तथा मध्य जोखिम रहेको देखिन्छ। बाँकी भू-भाग न्यून जोखिम क्षेत्रमा रहेका छन्।




*नक्सा ६ राईनास नगरपालिकाको बाढी/नदीकटान जोखिम विश्लेषण नक्सा*

### ३.५.४. मिचाहा झार

मिचाहा झार यस नगरपालिकामा चौथो जलवायुजन्य प्रकोपको रूपमा देखिएको छ। यसको असर नगरपालिकाका सबै वडामा रहेको छ। आलुपाते, नीलोगन्धे र मराठीको प्रकोप पाखा र खेतमा १० -१२ वर्ष देखि देखिन थालेको हो। यहाँका खेतमा जलकुम्भीको मात्रा बढ्दै गएको छ। गुमपाती भने विगत २० वर्षदेखि देखिएको छ। मिचाहा झारका कारण बाली उत्पादनमा कमी, खनजोत गर्न गाह्रो, गोडमेललाई बढी समय लाग्ने जस्ता समस्या आएका छन्। यी मिचाहा झारहरू कृषि प्रणालीका लागि मात्र नभई वन, वन्यजन्तु तथा बस्तीका लागि समेत खतरा र जोखिमको रूपमा देखापर्न थालेका छन्। पछिल्लो केही वर्षमा नयाँ प्रजाती देखा पर्दै फैलावटको प्रक्रिया तीव्र रूपमा बढी असर गरिरहेको छ।

### ३.५.५. पशु रोग

पशु रोग यस नगरपालिकाको पाँचौ जलवायुजन्य प्रकोपको रुपमा रहेको देखिन्छ। नगरपालिकाका सबै वडामा पशु रोगको समस्या प्रायः समान रहेको छ। यहाँ भ्यागुते, खोरेत, नाम्ले, जुका, धम्की, फनफने, टाउको सुनिने, लगायत विभिन्न पशु रोगहरू देखिएका छन्। पछिल्लो समय रोगको वृद्धि बढ्दै गएको र नयाँ प्रकारका रोगहरू देखा पर्न थालेका छन् जसकारण आर्थिक आम्दानीमा पनि असर पर्न गएको छ।

### ३.५.६. आगलागी

यस नगरपालिकाको छेटौँ स्तरको प्रकोप आगलागी रहेको छ। वडास्तरीय छलफलका क्रममा आएका आगलागीको विवरण ऐतिहासिक समयरेखामा राखिएको छ। भौगोलिक नक्साको (नक्सा ७) अध्ययनले यस नगरपालिकाको कूल क्षेत्रफलमध्ये १६३७.६२ हेक्टर आगलागीको उच्च जोखिममा रहेको छ भने वडा २, ३ र ६ मा आगलागीको उच्च जोखिम क्षेत्र बढी रहेका छन्।




*नक्सा ७ राईनास नगरपालिकाको आगलागी जोखिम विश्लेषण नक्सा*

### ३.५.७. मानव रोग

यस नगरपालिकाको छेटौँ स्तरको जलवायुजन्य प्रकोपमा मानव रोग रहेको छ। जलवायु परिवर्तनका असरका कारण पानीजन्य तथा छाला सम्बन्धी रोगहरूको प्रकोप बढ्दो छ। झाडाबान्ता जस्ता रोगहरू पहिले नै देखिएको भएपनि हाल फाट्टफुट्ट गर्मी मौसमको बेला बाहेक अरू बेलामा प्रकोपको रूपमा यसको असर खासै देखिदैंन।

### ३.५.८. हावाहुरी र चट्याङ

यस नगरपालिकाको जलवायुजन्य प्रकोपको सातौ स्तरमा हावाहुरी र अन्तिम तथा नवौ स्तरमा चट्याङ रहेका छन्। हावाहुरीले बाली नाश गर्ने, फूल झारिदिएर फल लाग्नबाट रोक्ने तथा बालीनाली लडाउने गरेर उत्पादनमा धेरै नकारात्मक असर गरेको छ। यसैगरी रूख लडाउने एवं घरका छानाहरू उडाउने गरेको छ। चट्याङका कारण बेलाबखत मानिस तथा पशुको मृत्यु तथा घाइते हुने गरेका छन्। यससम्बन्धि घटनाक्रम, असर र क्षति ऐतिहासिक समयरेखामा उल्लेख गरिएको छ।

#### ३.५.९. खडेरी

खडेरी यस नगरपालिकाको आठौ प्रमुख प्रकोप रूपमा रहेको छ । मौसमी पात्रो अनुसार पनि खडेरी महिना बढेको भेटिएको छ । त्यसैले यस नगरपालिकाका सबै वडाहरूमा खडेरीको असरबाट ग्रसित देखिन्छन् । खडेरीका कारण पानीको मुहानहरू सुक्ने, पानी कम हुने गर्दा बाली उत्पादनमा कमी र रोगव्याधीको प्रकोप खडेरीसँगै बढेको छ । सबै वडाहरूमा पानी पर्ने आशामा लगाउने गरे पनि खडेरीका कारण हिउँदेबाली उत्पादन कम गरेको देखिन्छ ।

### ३.६. प्रकोपको ऐतिहासिक घटनाक्रम तथा अवस्था

विगत ३० वर्षको अन्तरालमा राईनास नगरपालिकामा घटेका विभिन्न प्रकोपहरूको ऐतिहासिक समयरेखा विधिबाट सूचना सङ्कलन तथा विश्लेषण गरिएको छ । वडाबाट प्राप्त सूचनाहरूलाई नगरपालिका तहमा संश्लेषण गरिएको छ । यस विधिबाट प्राप्त सूचनाको आधारमा नगरपालिकामा रहेका मुख्य जलवायुजन्य प्रकोप तथा जोखिमहरू, यसबाट भएको असर तथा प्रभावहरू र प्रकोपहरूको पुनरावृत्ति र गम्भिरतालाई विश्लेषण गरिएको छ ।

*तालिका १८ सहभागितामूलक ऐतिहासिक समयरेखा*

| प्रकोपहरू | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित स्थान | महिला तथा संकटासन्न वर्गमा परेको असर | भविष्यमा हुन सक्ने असर तथा प्रयास | अनुकूलन प्रयास |
|---|---|---|---|---|---|---|---|
| बाढी/नदी कटान | २०११ | | **वडा १**<br>● बोराङ खोलाले किनारामा रहेको खेतीयोग्य जमिन नोक्सान<br>● चेपे खोलाले १०० देखि २०० रोपनी बगाएको | बोराङ खोला, चेपे खोला | | बाढीको बारम्बरता बढ्न सक्ने र थप क्षति पुऱ्याउन सक्ने | स्थानीय प्रविधि प्रयोग गरी केही प्रयास भएको |
| | २०४९<br>२०६८<br>२०७७ | | **वडा ३**<br>● सरदर १० रोपनी खेत काटेको<br>● सान्ले क्षेत्रमा १० रोपनी सार्वजनिक जग्गा काटेको<br>● नागेढाटी देखि सान्ले सम्म ३ किमि पति खेल मैदानको क्षेत्र काटेको | जेठाक, सान्ले, नागेढाटी | | बस्ति तथा वन क्षेत्र जोखिममा पर्ने<br>खोलाले खेतियोग्य जमिन काट्दै जाने | ढुङ्गा र बाँस प्रयोग गरी तटबन्धन लगाएको |
| | | | **वडा ४**<br>● रेमि खोला, विचारी खोला, टुनी खोला, बुढीखोला, चेपेखोला | रेमि खोला, विचारी खोला, टुनी खोला, बुढीखोला, चेपेखोला | | | |
| | २०११<br>२०५० | | **वडा ५**<br>● चेपे खोला,टुनी खोलामा गएको बाढीले खेतीयोग्य जमिन तथा बस्तीमा असर | टुनी खोला, चेपे खोला | | | बाँसबार लगाएको, जाली लगाएको तर सार्थक प्रयास हुन नसकेको |
| | २०७८ | | **वडा ८**<br>● फूलबारी झोलुङ्गे पुल, पाउदी पुलमा जोखिम बनाएको<br>● तार्केखोला देखि माझीगाउँ तार्कघाट सम्म खेतीमा क्षीत<br>● लोकमार्ग जोखिममा | मर्यास्याङ्दी खोला | | | |
| पहिरो | २०७७,<br>२०७८ | | **वडा १**<br>● कूलो खानेपानी मुहान क्षति<br>● बस्ती विस्थापित (सात घर)<br>● खेतीमा ७० देखि ८० मुरी क्षति<br>● घर तथा शौचालय क्षति खानेपानी, सडक अर<br>● वनजंगल तथा जैविक विविधतामा असर | भौतिक पूर्वाधार, खेतीयोग्य जमिन, बस्ती | | पहिरोको घटनाक्रम बढ | वनको संरक्षण गरेर वनको क्षेत्रफल बढाएको, केही भागमा तारजाली लगाउन कार्य भएको |

| प्रकोपहरू | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित स्थान | महिला तथा संकटासन्न वर्गमा परेको असर | भविष्यमा हुन सक्ने असर तथा प्रयास | अनुकूलन प्रयास |
|---|---|---|---|---|---|---|---|
| | | | • बस्तीमा असर | | | | |
| पहिरो | २०६८<br>२०७५<br>२०७७<br>२०७८ | | **वडा २**<br>• वि.सं. २०७८ सालमा घडेरी गाउँमा १५ घरलाई क्षति पुऱ्याएको गंगटेखोला गाउँमा पनि असर<br>• वि.सं. २०६८ मा सिम्ले गाउँमा असर<br>• वि.सं २०७७ सालमा टारीखेत गाउँमा ४० रोपनी खेतीयोग्य जमिनमा क्षति तथा १२ घरलाई असर वि.सं. २०७५ सालमा कामीगाउँको कालाचौरमा १० देखि १२ घरलाई क्षति | घडेरी गाउँ, सिम्ले, चनौटे, टारी खेत, गंगटे खोला कालाचौर | २ | बस्ती वगाउन सक्ने, आर्थिक क्षति हुन सक्ने | तारजाली लगाएको, वृक्षारोपण गरिएको |
| | २०११<br>२०६८<br>२०७७<br>२०७८ | | **वडा ३**<br>• पहिरोले जेठाक, ज्यामिरेमा वस्ति पुरेको, धरै पशुपछि, वालीको क्षति भएको<br>• घरपिडी, ढाडखर्क, दानेस्वारामा १ घर पुरेको, गोरीगाऊँमा १ घर पुरेको<br>• बोहोरीबोटकम ३ घर पुरेको<br>• वार्षिक ७ देखि ८ रोपनी खेति योग्य जमिन पुर्ने गरेको यसका साथै १०० देखि २०० पशुपछि पहिरोले मर्ने गरेको | जेठाक,<br>ज्यामिरे,<br>डाडखर्क,<br>गौरीगाऊँ | | नहर फुटेर पहिरो जान सक्ने सम्भावना रहेको बस्तिहरु विस्तापित हदै जाने<br>नहर, कुलो तथा वाटोमा पहिरोको संख्या वढ्ने | वि.स. २०३५ सालमा टिमुरे जेठाक बाँध बाधेको |
| | २०५७<br>२०७२<br>२०७५<br>२०७६<br>२०७७<br>२०७८ | | **वडा ४**<br>• चिसापानी क्षेत्रमा घर चकिर्ने, भासिने गरेको<br>• अल्काटारमा २ घर पुरेको , कुमालगाँउको पुच्छारमा १ वना घाक्ष्ते भएको<br>• चिसापानीमा पहिरोले गर्दा वस्ति तथा टकला मन्दिर जोखिममा<br>• वुढिखोला, अल्काटारका ठाउँठाउँमा बारी भसिएको<br>• पहिरोले चक्रवतिधाममा ५० मिटर वति बाटो बगाएको<br>• बोहोरागाउँमा वाटो पुरेको<br>• दमैग्रैहामा १ घर विस्तापित भएको | चिसापानी, अल्काटार, बुढिखोला, दमैगैरा | | बस्ति विस्तापित हदै जान सक्ने | अकाला, चिसापानीमा तारजाली लगाएको, क्षतिपूर्ति बाडेको |

| प्रकोपहरू | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित स्थान | महिला तथा संकटासन्न वर्गमा परेको असर | भविष्यमा हुन सक्ने असर तथा प्रयास | अनुकूलन प्रयास |
|---|---|---|---|---|---|---|---|
| | | | • कान्लेखेतमा नहर, घर वस्तिलाई असर गरेको | | | | |
| पहिरो | २०११<br>२०७७<br>२०६५<br>२०७७<br>२०७८ | | **वडा नं ६**<br>• नमाङ सिं खेतवारी पुरेको, दलित वस्ति जोखिममा<br>• नादिम घाटमा जंगलमा पहिरो (वसिुरल खोलाबाट<br>• माफ्रहटियामा खेतमारी पुरेको, बाटो पुरेको ३ ४ रोपनी खेत पुरेको, १६ घर जोखिममा<br>• लुपुगाँउमा ३ ४ घर सहित वस्ति जोखिममा<br>• लुपुमा घर बगाएका, खेत पुरेको, चेपेले १५ रोपनी खेत बगाएको<br>• थपलिया गाँउमा पहिरोले ३ किमि बाटो पुरेको<br>• मगंलटारमा ३ रोपनि खेत पुरेको | नमाङ सिं<br>नादिम घाट<br>माफ्रहटिया<br>लुपुगाँउ<br>थपलिया गाँउ<br>मगंलटार | | बस्ती जोखिममा उत्पादनमा कमी आउन सक्ने | बसाइ सरेको सार्थक प्रयास हुन नसकेको |
| | २०७७<br>२०७८ | | **वडा ५**<br>• वि.सं. २०७७ सालमा भदौरे गाउँमा ३ घरको जग्गा पुरेको र ३ घर विस्थापित<br>• वि.सं. २०७८ सालमा डाडाँगाउ गाउँमा २ विस्थापित | भदौरे गाउँ, डाडाँगाउ | | डाडाँगाउ गाउँमा ५ घर विस्थापित हुन सक्ने | सार्थक प्रयास हुन नसकेका |
| पहिरो | २०६५<br>२०७८ | | **वडा ८**<br>**सुब्बाथोक गाउँको पहिरो**<br>• ३ जना व्यक्ति बगाएको २ जना व्यक्ति मृत्यु,<br>• पिपलटारी (नेपाली र गन्धर्व) जाती बस्ने १० घर जोखिममा रहेको<br>• पुल तथा बस्ती जोखिममा<br>**माफ्रीगाउँको पहिरो**<br>• कटान गरेकोले १५ घर जग्गा जोखिममा रहेको<br>**सिरण्र पहिरो**<br>• जमिन चिरिएरकाले जोखिम रेहेको<br>**खानेपानीमा भएको क्षति**<br>• १७० घरको खानेपानीमा असर पुऱ्याएको | सुब्बाथोक, पिपलटारी<br>माफ्रीगाउँ<br>सिरण्र<br>धोबी खोला | | बस्ती नै बगाउने जोखिम, बनाएका पूर्वाधारमा क्षति | सार्थक प्रयास हुन नसकेको |

| प्रकोपहरू | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित स्थान | महिला तथा संकटासन्न वर्गमा परेको असर | भविष्यमा हुन सक्ने असर तथा प्रयास | अनुकूलन प्रयास |
|---|---|---|---|---|---|---|---|
| | | | • खानेपानी मुहान नै पुरेको, पाइप बगाएको<br>• धोबी खोलामा गएको पहिरोले पानीको पाइप क्षति<br>**सिचाइ कूलोमा भएको क्षति**<br>• रुमलेडाँडा अमले र कोइराले ७० मिटर कूलो बगाएको<br>• पाङ्ग्रे हर्राबोट सिचाइ योजना २०० मी क्षति<br>• भैसे खोला, डिही १०० मि कूलो बगाएको | | | | |
| पहिरो | २०६३<br><br>२०७७ | | **वडा नं ९**<br>• ५ देखि ७ रोपनी खेत वगुवाटोलको आमा समुहको भवन पछाडि पुरेको<br>• वगुवाटोलको २० रोपनी जति पाखो बगेको<br>• कुणुलेमा खानेपानीको पाइप बगाएको<br>• राम्चे क्षेत्रमा ५० रोपनी खेतियोग्य जमिन बगाएको, ५ घरधुरी जोखिममा<br>• ढाडकैचलेमा वन क्षेत्रमा असर गरेको<br>• बाह्रसोरटोलमा १ घर भासिएको<br>• गुफा क्षेत्रमा ५ रोजनी वारी पुरेको<br>• लोसेको वस्ति पहिरोको कारण जोखिममा | बगुवाटोल<br>राम्चे<br>लेसे | | लोसेको वस्ति पहिरोको कारण थप जोखिममा पर्न सक्ने<br>पहिरोले खेतवारी पुर्ने क्रम अझै बढेने | तारजाली भरेको क्षतिपूर्ति माँग पर्खाल लगाएको |
| बाली रोग | २०६५ | निरन्तर | **वडा ५**<br>• गबाारो, फौजी किरा, पतेरो लागेर धान उब्जनीमा ह्रास<br>• मकै, गोलभेडामा डडुवा लागेर उत्पादनमा कमी | पुरै वडा | | | |
| पशु रोग | प्रत्येक वर्ष | निरन्तर | • बाखामा रोग लागेकाले ४० बाखा मरेको<br>• पशुपालनमा कठिनाई<br>• जेठाकमा ४ रागो , नेगोटेमा १ वटा रागो जरो आएर मरेको<br>• धेरै जसो जर्सिगाई ब्यायपछि बिरामी हुने | पुरै वडा | | रोग र बारम्बारता बढ्न सक्ने | उपचार गरेको |

| प्रकोपहरू | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित स्थान | महिला तथा संकटासन्न वर्गमा परेको असर | भविष्यमा हुन सक्ने असर तथा प्रयास | अनुकूलन प्रयास |
|---|---|---|---|---|---|---|---|
| | | | • खोरेतले वर्षाको समयमा जंगलमा चर्न जाने जनावरलाई सताउने गरेका | | | | |
| खडेरी | प्रत्येक वर्ष | निरन्तर | **वडा ८**<br>• खानेपानी अभाव सिर्जना भएको<br>• माथिल्लो धोबी खोला मूल सुकेको<br>• ५२ घर शान्त प्रा.वि. खानेपानी अभाव<br>• हिउँदे बाली लगाउन कठिन भएको<br>• उत्पादकत्वमा कमी | पुरै वडा | | पानीको मुहान सक्दै जान सक्ने उत्पाकत्वमा कमी हन जाने | वृक्षारोपण |
| आगलागी | २०२२,<br>२०७७<br>२०७८ | | **वडा १**<br>• वि.सं. २०२२ सालमा १५ देखि २० वटा घर जलेको<br>• वि.सं. २०७७ सालमा रावि वन, ओकालवाटो, दुनहुरे , ओदालपाटो, कुप्रेचौर, एकिकृतमा आगोले क्षति<br>• वि.सं. २०७८ सालमा गोठ जलेर ३ वटा भैसीको मरेको | बस्ती तथा वन | | | आगोलागी निभाउन जाने गरेको |
| | | | **वडा २**<br>• जंगल नोक्सान<br>• घाँसदाउरामा असर | | | | |
| | २०५५ देखि | निरन्तर | **वडा ८**<br>• कानीबन्सा सा.व.लागेको आगोले २० हेक्टर वन र वन्यजन्तुमा असर<br>• महादेव, करखारी, सालघारी, तलेजु अन्नपूर्ण सा.व.मा लागेको आगाले असर<br>• मर्स्याङ्दी पिपलटारीमा पनि असर | बस्ती तथा वन | | | अग्नि रेखा कोरेको गाउँले मिलेर पानी सेउलाले हानेर आगो निभाउने गरेको |
| | २०७५<br>२०७६<br>२०७७ | | **वडा ९**<br>• वि.सं. २०७५ सालमा राइनस कालिका मा आगोलागी | | | | |

| प्रकोपहरू | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित स्थान | महिला तथा संकटासन्न वर्गमा परेको असर | भविष्यमा हुन सक्ने असर तथा प्रयास | अनुकूलन प्रयास |
|---|---|---|---|---|---|---|---|
| | | | • वि.सं. २०७६ सालमा विरमति सा.व.मा आगलागी भइ क्षति<br>• वि.सं. २०७७ सालमा दिव्यज्योति मनकामना सा.व.मा क्षति | | | | |
| मिचाहा झार | २०४१<br>२०७० पछि देखिएको | निरन्तर | **वडा १,२**<br>• निलोगन्ध, वनमारा, लज्जावती, मरेरी, आलुपाते, जस्ता झारहरु देखा परेको<br>• खेतीमा क्षति<br>• उखेल्दा पनि नमासिने, पातबाटै उम्रिने<br>• वि.सं. २०४१ बाट वनमासा आएको र स्थानीय रैथाने प्रजातीलाई असर पारेको<br>• खेतमा १० देखि १२ वर्ष देखिन थालेको<br>• मराठी १० वर्ष देखि देखिएको<br>• गुमपाती २० वर्षदेखि देखिएको<br>• जलकुम्भीको मात्रा खेत बढ्दै गएको | पुरै वडा | | मिचाहाझारको फैलावट बढ्दै जान सक्ने | काटेर फालेको, उखेलेको, गोडने क्रमसंख्या बढाएको |
| चट्याङ् | २०४९ | | • नौबिसेमा १ जना मान्छे मारेका | | | जनधनको क्षीत हुन सक्ने | अर्थिङ गरिएको |
| हावाहुरी | २०७६ | | • हावाहुरीले खेतीबालीमा असर गर्ने गरेको | पुरै वडा | | धनजनमा क्षति हुन सक्ने, | घरको बनोट फेरेको |

## ३.७. बस्ती अनुसार प्रकोपको विवरण

स्थानीय अनुकूलन योजना तयार गर्ने क्रममा अध्ययन गरिएका विभिन्न सामग्रीहरूका साथै ऐतिहासिक समयरेखाको विश्लेषणले देखाए अनुरूप यस नगरपालिकामा रहेका विभिन्न प्रकारका जलवायुजन्य प्रकोपहरू र तिनका असरहरूको लेखाजोखा गरी बस्ती अनुसार जोखिम तथा प्रकोप विश्लेषण गर्न यस विधिको प्रयोग गरिएको छ। प्रत्येक वडामा रहेका टोलहरूबाट एक टोललाई एक बस्ती निर्धारण गरी सहभागीहरूसँग प्रमुख प्रकोपहरूको बारेमा छलफल गरी तिनीहरूको असर र प्रभावका आधारमा हरेक बस्तीलाई हरेक प्रकोपको आधारमा ० (प्रकोप नभएको) देखि ३ (अत्यधिक प्रकोप भएको) सम्मको जोखिममा वर्गीकरण गरिएको थिए (तालिका १९)।

*तालिका १९ बस्ती अनुसार प्रकोपको विवरण*

| वस्तीको नाम | पहिरो | नदीकटान | वालीरोग | पशुरोग | हावाहुरी | खडेरी | असिनापानी | जंगलि जनावर | आगलागी | भूक्षय | मिचाहाझार | चट्याङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा १** | | | | | | | | | | | | | |
| बोराङ | | | | | | | | | | | | | |
| भंगारी | १ | | | | | | | | | | | | |
| दमाढुङ्गा | १ | | | | | | | | | | | | |
| बोराङ खोला | १ | १ | | | | | | | | | | | |
| साइलीटार | १ | | | | | | | | | | | | |
| छापस्वारा | | | | | | | | | | | | | |
| मिरखर्क | १ | | | | | | | | | | | | |
| सालघारी | १ | | | | | | | | | | | | |
| **वडा २** | | | | | | | | | | | | | |
| घडेरी गाउँ | २ | | | | | | | | | | | | |
| सिम्ले | २ | | | | | | | | | | | | |
| टारीखेत | २ | | | | | | | | | | | | |
| चनौटे | | | | | | | | | | | | | |
| गंगटेखोला | | | | | | | | | | | | | |
| कामीगाउँ | ३ | | | | | | | | | | | | |
| **वडा ३** | | | | | | | | | | | | | |
| टिमुर | १ | २ | २ | २ | १ | २ | १ | ३ | ३ | २ | २ | १ | नहर भएको क्षेत्र |
| ज्यामिरे | ३ | १ | २ | २ | १ | १ | १ | ३ | ३ | २ | २ | १ | |
| जेठाक / नौबिसे | २ | २ | २ | ३ | १ | ३ | ३ | १ | ३ | १ | २ | १ | |
| छाप, ग्रैरिगाऊँ, ढलौटा | ३ | १ | २ | २ | १ | २ | १ | १ | २ | १ | २ | १ | |
| लामपाटा | २ | १ | २ | १ | १ | १ | १ | २ | २ | १ | २ | १ | |
| ढाडखर्क | ३ | १ | २ | २ | १ | ३ | ३ | ३ | ३ | २ | २ | १ | |
| **वडा ४** | | | | | | | | | | | | | |
| सातविसे | ० | ३ | ३ | १ | १ | २ | १ | २ | १ | १ | २ | १ | |
| नेवोटे | ० | ३ | ३ | १ | १ | १ | १ | २ | १ | १ | १ | १ | |
| अल्काटार | २ | ३ | २ | १ | १ | १ | १ | २ | १ | १ | २ | १ | |
| वाहोरागाउँ | | ० | २ | १ | १ | १ | १ | २ | १ | १ | २ | १ | |

| वस्तीको नाम | पहिरो | नदीकटान | वालीरोग | पशुरोग | हावाहुरी | खडेरी | असिनापानी | जंगलि जनावर | आगलागी | भूक्षय | मिचाहाझार | चट्याङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छविसे | ० | ३ | २ | २ | १ | १ | १ | २ | १ | १ | १ | १ | |
| कुसुण्डे टोल | २ | २ | २ | ! | १ | १ | १ | १ | १ | १ | २ | १ | |
| पोखरी वगैचा (कुमालगाँउ) | ! | २ | २ | ! | १ | १ | १ | २ | १ | १ | १ | १ | |
| **वडा ५** | | | | | | | | | | | | | |
| वालुवाटार | | | | | | | | | | | | | |
| भदौरे | २ | | | | | | | | | | | | |
| चिउरीटार | | | | | | | | | | | | | |
| कैनीटार | | | | | | | | | | | | | |
| सुवेटार | | | | | | | | | | | | | |
| विरौटा | | | | | | | | | | | | | |
| डाडागाउँ | २ | | | | | | | | | | | | |
| लोसे | | | | | | | | | | | | | |
| **वडा ६** | | | | | | | | | | | | | |
| गगटे | ३ | ३ | १ | १ | १ | १ | १ | २ | ३ | १ | १ | १ | भिरालो |
| पाँचभाइ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | |
| नरिमघाट | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | भिरालो |
| नयाँपौवा | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | भिरालो |
| मझहटिण | ३ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | |
| वरेटार | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | |
| धमिलिकुवा | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | |
| पोखेटार साउगाँउ | १ | १ | १ | १ | १ | २ | १ | १ | १ | १ | १ | १ | |
| थपलिया गाँउ (गौलिटार) | ३ | १ | १ | १ | १ | २ | १ | १ | २ | १ | १ | १ | |
| फुलबारी<br>सालखेती | ३ | ३ | १ | | | ३ | १ | १ | ३ | १ | १ | १ | भिरालो |
| लुपुगाँउ<br>लुपु खहरे | ३ | | | | | ३ | १ | १ | ३ | १ | १ | १ | |
| आँपचौर सानो भट्टि | ३ | १ | १ | १ | १ | २ | १ | १ | २ | | | १ | |
| फोकसिंग | ३ | १ | १ | १ | १ | ३ | १ | १ | २ | | | | |
| मेजरगाँउ | ३ | | | | | ३ | | २ | ३ | | | | |
| जमुनडाँडा / छापस्वारा | ३ | | | | | ३ | | २ | ३ | | | | |

| वस्तीको नाम | पहिरो | नदीकटान | वालीरोग | पशुरोग | हावाहुरी | खडेरी | असिनापानी | जंगलि जनावर | आगलागी | भूक्षय | मिचाहाभ्कार | चट्याङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वाउली | ३ | ३ | | | | ३ | | १ | ३ | | | | |
| मंगलटार | ३ | | | | | २ | | | ३ | | | | |
| **वडा ७** | | | | | | | | | | | | | |
| डाँडाबगर | | २ | | | | १ | | | | | | | |
| बगर | | २ | | | | १ | | | | | | | |
| सालडाँडा | | | | | | १ | | | | | | | |
| सिमपानी | २ | | | | | १ | | | | | | | |
| पाँडेबेशी | | | | | | १ | | | | | | | |
| ठूलो बगैँचा | | | | | | १ | | | | | | | |
| बाङ्गेचौर | ३ | २ | | | | १ | | | | | | | |
| विशालटार | २ | | | | | १ | | | १ | | | | |
| घर्तिगाउँ | २ | | | | | १ | | | | | | | |
| पुतलीथुम्का | २ | | | | | १ | | | | | | | |
| **वडा ८** | | | | | | | | | | | | | |
| माझीगाउँ | २ | ३ | १ | २ | १ | ३ | १ | २ | २ | २ | २ | १ | |
| हर्राबोट कटरबारी | २ | १ | १ | २ | १ | ३ | १ | २ | २ | १ | २ | १ | |
| सिरक | ३ | १ | १ | २ | १ | ३ | १ | २ | २ | १ | २ | १ | |
| अमलेडाँडा | २ | १ | १ | २ | १ | ३ | १ | २ | २ | १ | २ | १ | |
| डोलियाँडाँडा | २ | १ | १ | २ | १ | ३ | १ | २ | २ | १ | २ | १ | |
| पिपलटारी भादगाउँ | १ | ३ | १ | २ | १ | ३ | १ | २ | २ | १ | २ | १ | |
| तार्कुघाट हर्राबोट फाँट | ० | २ | २ | २ | १ | ३ | १ | १ | २ | १ | २ | १ | |
| | | | | | | | | | | | | | |
| **वडा ९** | | | | | | | | | | | | | |
| वगुवा | २ | १ | २ | २ | | १ | १ | ३ | ३ | १ | २ | १ | |
| राम्चे, कोइराले | ३ | २ | २ | २ | १ | १ | १ | ३ | ३ | १ | २ | १ | |
| लाम्पाटा, काउलेपानी, ढाडकैचले | ३ | २ | २ | २ | १ | १ | १ | २ | ० | १ | २ | १ | |
| भगेरस्वारा, साउनेपानी, लोसे | २ | ० | २ | २ | १ | १ | १ | ३ | ० | १ | ३ | १ | |
| कोटगाऊँ, बोडिस्वारा, काफलबोट | ० | ० | २ | २ | १ | २ | १ | २ | ० | १ | २ | १ | |

| वस्तीको नाम | पहिरो | नदीकटान | वालीरोग | पशुरोग | हावाहुरी | खडेरी | असिनापानी | जंगलि जनावर | आगलागी | भूक्षय | मिचाहाझार | चट्याङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साततले, केउरेनी | ० | २ | २ | २ | १ | २ | १ | २ | ० | १ | २ | १ | |
| सग्रवास, मगरगाउँ | १ | २ | २ | २ | १ | २ | १ | २ | १ | १ | २ | १ | |
| कुडुलेगाउँ, वखलेटोल, चैमलेटोल, डाडखण्डे | २ | २ | २ | २ | १ | २ | १ | २ | ३ | २ | २ | १ | |
| राईनासकोट, कुवापानी | २ | ० | २ | २ | १ | २ | १ | ३ | ३ | ३ | २ | १ | |
| **वडा १०** | | | | | | | | | | | | | |
| प्यारजुङ्ग | ३ | ० | ३ | १ | १ | १ | १ | २ | ३ | १ | २ | १ | |
| बोराङ्ग, लामागाँउ, पत्रेनि | ३ | ० | ३ | १ | १ | १ | १ | २ | २ | १ | २ | १ | |
| कोकेगाँउ, सिमघारी, पात्लेपानी | ३ | ० | ३ | १ | १ | १ | १ | २ | २ | १ | २ | १ | |
| ***माथि तालिकामा दिइएको मान सूचक*** <br> ***३ = उच्च, २ = मध्यम, १ = न्युन, ० = प्रकोप नभएको*** | | | | | | | | | | | | | |

## ३.८. विषयगत क्षेत्रमा पारेको प्रभाव तथा असरहरूको विश्लेषण

यो विधिको प्रयोगले पहिचान भएका जलवायु परिवर्तनका असर तथा प्रकोपहरूबाट नेपाल सरकारले विक्रम सम्वत् २०६६ मा राष्ट्रिय अनुकूलन कार्यक्रम तयार पारी सार्वजनिक गरेका १० ओटा क्षेत्रहरू (कृषि तथा खाद्य सुरक्षा; वन, जैविक विविधता तथा जलाधार संरक्षण; जल तथा ऊर्जा; स्वास्थ्य, खानेपानी तथा सरसफाई; स्थानीय ग्रामीण तथा शहरी बस्ती; जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन; पर्यटन एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा; उद्योग, यातायात तथा भौतिक पूर्वाधार; लैङ्गिक समानता तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन; जनचेतना अभिवृद्धि तथा क्षमता विकास)मा पारेका प्रभावहरूको विश्लेषण गरिएको (तालिका २०) छ। यस विधिबाट प्राप्त सूचनाले ३० वर्ष अगाडिको अवस्था, हाल देखिएका प्रभाव तथा असरहरू र भविष्यमा पर्नसक्ने असरहरूको परिदृश्यको कल्पनासँगै उच्च जोखिममा रहेका महिला तथा बालबालिकामा पर्नसक्ने असरहरूको विश्लेषण गर्दै जलवायु परिवर्तनका कारण सिर्जित असरहरूसँग अनुकूलित हुने योजना निर्माणका लागि सहयोग गरेको छ।

*तालिका २० जलवायु परिवर्तनले विभन्न विषयगत क्षेत्रमा पारेका प्रभाव तथा असरहरूको विश्लेषण*

| क्षेत्र | ३० वर्ष अगाडिको अवस्था | प्रभाव तथा असरहरू | भविष्यमा पर्नसक्ने प्रभाव तथा असरहरू | महिला तथा बालबालिकामा पर्नसक्ने प्रभाव |
|---|---|---|---|---|
| कृषि तथा खाद्यसुरक्षा | • आत्मनिर्भर, नून र चिनीबाहेक अरू आफ्नै उत्पादनले पुग्ने <br> • रसायनिक मल तथा किटनाशक औषधीको प्रयोग नभएको, <br> • स्थानीय बीउबिजनको मात्र प्रयोग भएको | • उत्पादकत्व घटेको <br> • खेतबारी बाँझो रहने अवस्था <br> • बाली नछिप्पिदै सुक्न थालेको, <br> • पशुपालनमा कृषि फर्म तर्फ आकर्षण बढ्दै गएको, <br> • कृषि सामग्रीमा आयात बढेको, | • खाद्य असुरक्षामा वृद्धि हुन सक्ने <br> • सिँचाइ प्रणालीको विकासले कृषि उत्पादनमा मौसममा नै भर पर्नु पर्ने समस्याबाट केहि राहत हुन सक्ने। <br> • कृषि तथा पशुपालनमा ठिमाहा प्रजातिको प्रयोगका कारण उत्पादनमा वृद्धि | • विषादी तथा किटनाशक औषधीको प्रयोगका कारण महिलाहरुको प्रजनन स्वास्थ्यमा असर पर्न सक्ने। <br> • बालबालिका महिलाको स्वास्थ्यमा असर देखिन सक्ने |

| क्षेत्र | ३० वर्ष अगाडिको अवस्था | प्रभाव तथा असरहरू | भविष्यमा पर्नसक्ने प्रभाव तथा असरहरू | महिला तथा बालबालिकामा पर्नसक्ने प्रभाव |
|---|---|---|---|---|
| | • स्थानीय जातका मात्र पशु पालन भएको,<br>• पशुरोगहरु कम लाग्ने गरेको | • कृषि व्यवसायिक हुँदै गएको,<br>• स्थानीय बीउबिजन र स्थानीय जातका पशुहरू हराउँदै गएको,<br>• बाली परिवर्तन गरी आम्दानी हुने खाले बाली लगाउन थालिएको<br>• विषादी, रसायनिक मलको प्रयोग बढेको<br>• पशु तथा बालीमा नयाँ खाले रोगको समस्या | भएतापनि स्थानीय प्रजातिहरु लोप हुन सक्ने ।<br>• कृषि तथा पशुरोग वृद्धि हुन सक्ने<br>• व्यवसायिक कृषि प्रणालीको सुरुवात हुनसक्ने<br>• नयाँ रोगहरुको वृद्धि हुन सक्ने ।<br>• कृषिमा आधुनिकिकरणले गर्दा काम गर्न सहज तथा छरितो हुन सक्ने ।<br>• बजारको राम्रो व्यवस्थापन हुन सक्ने | |
